# आर्थिक वर्ष २०७१/७२ को मौद्रिक नीतिको अर्ध-वार्षिक समीक्षा





नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
*फागुन २०७१*

गभर्नर डा. युवराज खतिवडाले
२०७१ फागुन ४ गते
सार्वजनिक जानकारीका लागि जारी गर्नुभएको

# आर्थिक वर्ष २०७१/७२ को मौद्रिक नीतिको अर्ध-वार्षिक समीक्षा

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं

# विषय सूची


| विवरण | पृष्ठ |
|---|---|
| पृष्ठभूमि | १ |
| अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य | २ |
| आन्तरिक आर्थिक स्थिति | ३ |
| कुल गार्हस्थ्य उत्पादन | ३ |
| मूल्य | ३ |
| सरकारी वित्त | ३ |
| वाह्य क्षेत्र | ४ |
| वित्तीय बजार | ५ |
| मौद्रिक तथा तरलता स्थिति | ८ |
| मौद्रिक स्थिति | ८ |
| निक्षेप परिचालन तथा कर्जा प्रवाह | ८ |
| वित्तीय प्रणालीको तरलता | १० |
| अधिक तरलता व्यवस्थापन | १० |
| मुद्रा बजारको स्थिति | १० |
| वित्तीय र वाह्य क्षेत्र कार्यक्रमहरुको कार्यान्वयन स्थिति | ११ |
| वित्तीय क्षेत्र सुधार, नियमन तथा सुपरिवेक्षण | ११ |
| घरेलु तथा साना व्यवसाय | १३ |
| लघुवित्त तथा वित्तीय पहुँच | १४ |
| विदेशी विनिमय व्यवस्थापन | १४ |
| आर्थिक तथा मौद्रिक परिदृश्य | १५ |
| मौद्रिक नीतिको कार्यदिशा तथा व्यवस्थापन | १६ |

**अनुसूची १ : आर्थिक वर्ष २०७१/७२ को मौद्रिक नीतिमा उल्लेख भएका नीतिगत व्यवस्थाहरुको प्रगति विवरण**

**अनुसूची २ : मौद्रिक सर्वेक्षण**

**तथ्याङ्क तालिकाहरु**

## पृष्ठभूमि

१. आर्थिक वर्ष २०७१/७२ को मौद्रिक नीतिको विगत छ महिनासम्मको कार्यान्वयनको स्थिति, विद्यमान चुनौतीहरु एवम् चालू आर्थिक वर्षको बाँकी अवधिको कार्यदिशालाई समेटी यो अर्ध-वार्षिक समीक्षा प्रस्तुत गरिएको छ । यस समीक्षाले यस वर्षको मुलुकको समष्टिगत आर्थिक एवम् वित्तीय स्थितिका बारेमा सरोकारवालाहरुलाई अवगत गराउनुका साथै बाँकी समयावधिको लागि मौद्रिक नीतिको प्रभावकारिता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

२. चालू आर्थिक वर्षको मौद्रिक नीति अधिक तरलताको व्यवस्थापन गर्दै मूल्य स्थिरता कायम राख्ने, उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह विस्तार गर्ने, वित्तीय स्थायित्व कायम राख्ने र वित्तीय पहुँच अभिवृद्धि गर्ने जस्ता प्रमुख लक्ष्यहरुतर्फ परिलक्षित थियो । मौद्रिक नीति सार्वजनिक गर्दाको समयमा विद्यमान चुनौतीहरुमध्ये मूल्यस्थिति, उत्पादनशील क्षेत्रतर्फको कर्जा प्रवाह एवम् वित्तीय स्थायित्व अभिवृद्धि लगायतका विषयहरु सुधारोन्मुख रहेका छन् भने अधिक तरलता व्यवस्थापनका लागि खुला बजार कारोबारलाई थप क्रियाशील बनाइएको छ । फलस्वरुप बैंकिङ्ग क्षेत्रमा रहेको अधिक तरलताको स्थितिमा क्रमिक सुधार आएको छ र अल्पकालीन ब्याजदरहरु पनि सुधारोन्मुख रहेका छन् ।

३. चालू आर्थिक वर्ष सरकारको बजेट समयमै आएको, व्यावसायिक वातावरण सुधारोन्मुख रहेको तथा निजी क्षेत्रतर्फको कर्जा प्रवाह विस्तार हुँदै गएकोले गैर-कृषि क्षेत्रको वृद्धिदर अपेक्षित रहने देखिएतापनि वर्षे मौसमी अवस्था अनुकूल नभएको कारण कृषि क्षेत्रको विस्तारमा केही संकुचन आउने अनुमान रहेको छ । राजनैतिक संक्रमणकालको जोखिम कायमै रहेकोले निजी क्षेत्रको लगानी अपेक्षित रुपमा बढ्न सकेको छैन भने सरकारको पूँजीगत खर्चमा पनि उल्लेख्य सुधार हुन सकेको छैन । यी सबै कारणले यस आर्थिक वर्षमा ६.० प्रतिशतको लक्षित आर्थिक वृद्धिदर हासिल गर्ने कार्य निकै चुनौतीपूर्ण देखिन्छ । पछिल्लो समयमा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा आएको गिरावट, विदेशी विनिमयदरमा देखिएको स्थिरता साथै मौद्रिक योगाङ्कहरुलाई वाञ्छित सीमाभित्र राख्न गरिएका प्रयासहरु समेतको कारण समग्र मूल्यस्थितिमा भने अघिल्ला वर्षहरुको तुलनामा कमी आएकोले चालू आर्थिक वर्षमा औसत मुद्रास्फीति दर ८.० प्रतिशतको लक्षित सीमाभित्रै कायम रहने देखिन्छ ।

४. वाह्य क्षेत्रतर्फ व्यापार घाटा बढ्ने क्रम जारी रहेको छ । खासगरी उच्च आयात एवम् न्यून निर्यातका कारण व्यापार घाटा बढ्नुका साथै अघिल्ला वर्षहरुको तुलनामा समीक्षा अवधिमा विप्रेषण आप्रवाह न्यून दरले बढेको हुँदा शोधनान्तर बचतको मात्रामा केही कमी आएको छ । समीक्षा अवधिमा जलविद्युत विकासका लागि केही महत्वपूर्ण पहलहरु भएका छन् । भारतसँग उर्जा व्यापार सम्झौता भएको छ भने माथिल्लो कर्णाली र अरुण तेस्रो जस्ता दुई ठूला जलविद्युत आयोजनाको लागि विदेशी लगानीकर्ताहरुसँग उर्जा विकास सम्झौता भएको छ । साथै, पछिल्लो समयमा खासगरी पर्यटन तथा स्वास्थ्य क्षेत्रमा लगानी विस्तार हुन थालेको छ । समीक्षा अवधिमा घरजग्गा कारोबारको अवस्था स्थिर रहेको छ भने शेयर बजार कारोबारमा वृद्धि आएको छ ।

## अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य

५. अमेरिकी अर्थतन्त्र सुधारोन्मुख रहेपनि युरो क्षेत्र, जापान, रुस र चीनको आर्थिक परिदृश्य सन्तोषजनक नरहेकोले सन् २०१५ मा विश्वको आर्थिक वृद्धिदर सन् २०१४ को तुलनामा सीमान्त दरले मात्र बढ्ने अनुमान छ । अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण[1] अनुसार सन् २०१५ मा विश्वको आर्थिक वृद्धिदर ३.५ प्रतिशत रहने देखिन्छ । सन् २०१४ मा विश्वको अर्थतन्त्र ३.३ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, सन् २०१४ मा २.४ प्रतिशतले वृद्धि भएको अमेरिकी अर्थतन्त्र सन् २०१५ मा ३.६ प्रतिशतले वृद्धि हुने कोषको प्रक्षेपण रहेको छ । खासगरी बेरोजगारी दर घट्दै जानु, मुद्रास्फीति नियन्त्रित अवस्थामा रहनुका साथै घरेलु मागमा समेत विस्तार भएको कारण सन् २०१५ मा अमेरिकी अर्थतन्त्रमा सुधार आउने अनुमान गरिएको हो । यस पृष्ठभूमिमा फेडेरल रिजर्भ बैंकले आगामी दिनमा मौद्रिक नीतिको कार्यदिशामा परिवर्तन गरी फेडेरल फण्ड रेट बढाउने सम्भावना रहेको छ ।

६. सन् २०१५ मा युरो क्षेत्रको आर्थिक वृद्धिदर १.२ प्रतिशत रहने कोषको प्रक्षेपण रहेको छ । अघिल्लो वर्ष यस क्षेत्रको वृद्धिदर ०.८ प्रतिशत रहेको थियो । खासगरी पेट्रोलियम पदार्थको घट्दो मूल्य, भू-राजनैतिक तनाव र रुवलको अवमूल्यनको कारण सन् २०१५ मा रुसको अर्थतन्त्रमा ३.० प्रतिशतले ऋणात्मक हुने प्रक्षेपण रहेको र कमजोर लगानीको अवस्था, घट्दो मुद्रास्फीतिदर एवम् युरोको अवमूल्यनका कारण समग्र युरो क्षेत्रको आर्थिक वृद्धिदरमा संकुचन आउने कोषले जनाएको छ । यस स्थितिलाई दृष्टिगत गरी युरोपियन केन्द्रीय बैंकले २०१५ को मार्चदेखि सार्वजनिक र निजी क्षेत्रका सम्पत्ति खरिद गरी प्रत्येक महिना ६० अर्ब युरो प्रवाह गर्ने योजना सार्वजनिक गरेको छ ।

७. सन् २०१४ मा ४.४ प्रतिशतले वृद्धि भएको उदीयमान एवम् विकासशील मुलुकहरुको अर्थतन्त्र सन् २०१५ मा ४.३ प्रतिशतले बढ्ने प्रक्षेपण रहेको छ । उदीयमान र विकासोन्मुख एसियाको अर्थतन्त्र सन् २०१४ मा ६.५ प्रतिशतले विस्तार भएकोमा सन् २०१५ मा ६.४ प्रतिशतले बढ्ने प्रक्षेपण छ । भारतीय अर्थतन्त्र सन् २०१४ मा ५.८ प्रतिशतको वृद्धिको तुलनामा सन् २०१५ मा ६.३ प्रतिशतले बढ्ने अनुमान गरिएको छ भने चीनको आर्थिक वृद्धिदरमा केही कमी आई सन् २०१४ को ७.४ प्रतिशतको तुलनामा सन् २०१५ मा ६.८ प्रतिशत रहने कोषको प्रक्षेपण रहेको छ ।

८. पेट्रोलियम पदार्थ लगायत खाद्यान्नको मूल्यमा आएको गिरावटको कारण सन् २०१५ मा विश्व मुद्रास्फीति दर न्यून रहने देखिएको छ । अन्तर्राष्ट्रिय मुद्राकोषले विकसित देशहरुको मुद्रास्फीति दर सन् २०१४ को १.४ प्रतिशतको तुलनामा सन् २०१५ मा १.० प्रतिशत कायम रहने प्रक्षेपण गरेको छ । तर सन् २०१४ मा ५.४ प्रतिशत रहेको उदीयमान एवम् विकासशील मुलुकहरुको मुद्रस्फीति दर भने सन् २०१५ मा ५.७ प्रतिशत रहने प्रक्षेपण छ । युरो क्षेत्र, जापान, रुस र चीनको आर्थिक गतिविधिमा आएको संकुचन लगायत पेट्रोलियम पदार्थको मूल्यमा आएको गिरावटका कारण सन् २०१५ मा विश्वमा वस्तु तथा सेवाको व्यापार सीमान्त रुपले बढी ३.८ प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेको छ, जुन सन् २०१४ मा ३.१ प्रतिशतले बढेको थियो ।

---

1 World Economic Outlook, Updates, January 2015, International Monetary Fund

## आन्तरिक आर्थिक स्थिति

### कुल गार्हस्थ्य उत्पादन

९. चालू आर्थिक वर्ष मनसुन ढिलो शुरु भएकोले प्रमुख वर्षे बालीहरुको उत्पादनमा ह्रास आएको हुँदा समग्र कृषि क्षेत्रको वृद्धिदरमा कमी आउने देखिन्छ । प्रमुख खाद्यान्न बालीहरुमध्ये धान तथा मकैको उत्पादनमा क्रमशः ५.१ प्रतिशत तथा ६.० प्रतिशतले ह्रास आएको नेपाल सरकार, कृषि विकास मन्त्रालयको प्रारम्भिक अनुमान रहेको छ । पछिल्लो मौसमी स्थितिलाई दृष्टिगत गर्दा हिउँदे बालीहरुको उत्पादन भने वृद्धि हुने देखिन्छ । व्यवसायिक पशुपालनको विस्तारका कारण समग्र पशुजन्य उत्पादन समेत वृद्धि हुने देखिएतापनि प्रमुख खाद्यान बालीहरुको उत्पादनमा ह्रास आएकोले चालू आर्थिक वर्षमा समग्र कृषि क्षेत्रको उत्पादन वृद्धिदर लक्षित स्तरभन्दा कम हुने अनुमान रहेको छ ।

१०. चालू आर्थिक वर्षको बाँकी अवधिमा सरकारले पूँजीगत खर्चमा थप जोड दिने, उर्जा संकट थप असहज नहुने, विकास निर्माण कार्यमा गतिरोध सृजना नहुने तथा लगानी-मैत्री वातावरण सुदृढ हुँदै जाने अनुमानका आधारमा चालू आर्थिक वर्षमा उद्योग तथा सेवा क्षेत्रको वृद्धिदर अघिल्लो वर्षको तुलनामा सुधारोन्मुख रहने अनुमान छ ।

११. चालू आर्थिक वर्षमा कृषि तथा गैर-कृषि क्षेत्रको उपर्युक्त परिदृश्यका आधारमा हेर्दा उद्योग तथा सेवा क्षेत्रको अवस्था सामान्य रहने अनुमान रहेतापनि कृषि क्षेत्रको उत्पादन वृद्धिदरमा संकुचन आउने देखिएकोले यस वर्षको आर्थिक वृद्धिदर ५ प्रतिशतको हाराहारीमा रहने देखिन्छ ।

### मूल्य

१२. चालू आर्थिक वर्षमा मुद्रास्फीति सुधारोन्मुख रहेको छ । चालू आर्थिक वर्षको छैठौं महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ६.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ९.७ प्रतिशत रहेको थियो । वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क ९.० प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ५.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १२.९ प्रतिशत र ६.९ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, चालू आर्थिक वर्षको छैठौं महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति दर ५.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति दर ८.९ प्रतिशत रहेको थियो ।

१३. चालू आर्थिक वर्षको छैठौं महिनामा राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क ७.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क १६.६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्क ७.६ प्रतिशतले वृद्धि भएको छ भने ज्यालादर सूचकाङ्क ६.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा तलब सूचकाङ्क २६.४ प्रतिशतले र ज्यालादर सूचकाङ्क १४.५ प्रतिशतले वृद्धि भएको थियो ।

### सरकारी वित्त

१४. चालू आर्थिक वर्षको छ महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारको कुल खर्च अघिल्लो वर्षको सोही अवधिको तुलनामा १४.४ प्रतिशतले वृद्धि भई २०७१ पुस मसान्तसम्ममा रु. १५३ अर्ब ७१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल सरकारी खर्च २५.४

प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा रु. १३ अर्ब ८४ करोड पूँजीगत खर्च र रु. ११६ अर्ब १२ करोड चालू खर्च भएको छ । अघिल्लो वर्षभन्दा पूँजीगत खर्च केही बढेतापनि विनियोजित बजेटको थोरै अंश मात्र खर्च भएको छ ।

१५. समीक्षा अवधिमा सरकारको कुल साधन परिचालन १४.८ प्रतिशतले वृद्धि भई रु. २१८ अर्ब ६६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो साधन परिचालन २९.० प्रतिशतले वृद्धि भएको थियो । साधन परिचालन अन्तर्गत कुल राजस्व १६.६ प्रतिशतले वृद्धि भई २०७१ पुस मसान्तसम्ममा रु. १९० अर्ब ५२ करोड पुगेको छ भने वैदेशिक अनुदान ३०.४ प्रतिशतले घटी रु. १५ अर्ब १ करोड पुगेको छ । यस अवधिमा नेपाल सरकारले रु. ६ अर्ब ३० करोडको वैदेशिक ऋण परिचालन गरेको छ । समीक्षा अवधिमा नेपाल सरकारले आन्तरिक ऋण भने परिचालन गरेको छैन ।

१६. स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून रहेकोले चालू आर्थिक वर्षको पहिलो छ महिनासम्ममा नेपाल सरकारको नगद प्रवाहमा आधारित बजेट रु. ६४ अर्ब ९५ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत रु. ५६ अर्ब १० करोड रहेको थियो । चालू आर्थिक वर्षको छ महिनासम्ममा नेपाल सरकारको यस बैंकमा रु. ७२ अर्ब १६ करोड नगद बचत रहेको छ । अघिल्लो वर्षको मौज्दात समेत समावेश गर्दा २०७१ पुस मसान्तसम्ममा नेपाल राष्ट्र बैंकसँग नेपाल सरकारको रु. ९५ अर्ब ६६ करोड नगद मौज्दात रहेको छ ।

**वाह्य क्षेत्र**

१७. चालू आर्थिक वर्षको छ महिनासम्म नेपालको वाह्य क्षेत्र स्थिति मिश्रित रहेको छ । वस्तु व्यापार घाटा उच्च रहेतापनि चालू खाता तथा समग्र शोधनान्तर स्थिति बचतमा रहेको छ । अघिल्लो आर्थिक वर्षको छ महिनासम्ममा रु. ७७ अर्ब १९ करोडले बचतमा रहेको शोधनान्तर स्थिति चालू आर्थिक वर्षको सोही अवधिमा रु. ३४ अर्ब २६ करोडले बचतमा रहेको छ । अघिल्ला महिनाहरुमा घाटामा रहेको चालू खाता छ महिनामा रु. १३ अर्ब ६५ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको उक्त अवधिमा चालू खाता रु. ५५ अर्ब २ करोड बचतमा रहेको थियो । चालू आर्थिक वर्षको छ महिनामा विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिको ३४.४ प्रतिशत वृद्धिको तुलनामा ३.९ प्रतिशतले मात्र वृद्धि भई रु. २७५ अर्ब ९६ करोड पुगेको छ । त्यसैगरी, अघिल्लो वर्षको छ महिनासम्ममा व्यापार घाटा २४.४ प्रतिशतले बढकोमा समीक्षा अवधिमा १६ प्रतिशतले वृद्धि भएको छ । निर्यातको आधार र वृद्धिदर न्यून रहेकोले निर्यात-आयातको अनुपात निरन्तर घटिरहेको छ । २०७१ पुसमा यस्तो अनुपात ११.५ प्रतिशत रहेको छ ।

१८. समीक्षा अवधिमा कुल निर्यात ३.९ प्रतिशतले घटेको छ, जुन अघिल्लो वर्षको सोही अवधिमा १५ प्रतिशतले बढेको थियो । कुल वस्तु निर्यातमध्ये समीक्षा अवधिमा भारततर्फको निर्यात ८.१ प्रतिशतले घटेको छ भने चीनतर्फको निर्यात १६.९ प्रतिशतले र अन्य मुलुकतर्फको निर्यात ३ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा चीनतर्फ प्रशोधित छाला, उनी गलैंचा, नुडल्स र अन्य मुलुकतर्फ पश्मिना, तयारी पोशाक, चिया, चाँदीका गरगहना लगायतका वस्तुहरुको निर्यात बढेको छ । अमेरिकी डलरमा चीन तथा अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको छ महिनासम्ममा ४ प्रतिशतले घटेको विपरित समीक्षा अवधिमा ५.४ प्रतिशतले वृद्धि भई अमेरिकी डलर १६ करोड ५२ लाख पुगेको छ ।

१९. अघिल्लो आर्थिक वर्षको छ महिनासम्ममा २३.१ प्रतिशतले बढेको वस्तु आयात चालू आर्थिक वर्षको सोही अवधिमा १३.३ प्रतिशतले बढेको छ । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा आएको कमीका कारण आयातको वृद्धिदरमा अघिल्लो वर्षको तुलनामा केही कमी आएको हो । समीक्षा अवधिमा भारततर्फबाट भएको आयात ९.३ प्रतिशतले, चीनबाट ४८.१ प्रतिशतले र अन्य मुलुकहरुबाट भएको आयात ८.३ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा भारतबाट मुख्यतया एम.एस. बिलेट, यातायातका साधन र पार्टपुर्जा, चामल, हट रोल्ड सिट ईन क्वायल, चीनबाट दूरसंचारका उपकरण तथा पार्टपूर्जा, अन्य मेशिनरी तथा पार्टपूर्जा, रासायनिक मल, मेडिकलका उपकरण तथा पार्टपूर्जा र अन्य मुलुकबाट विशेषगरी चाँदी, खाने तेल, दूरसंचारका उपकरण तथा पार्टपूर्जा, कच्चा पाल्म आयल आदिको आयात बढेको छ । अमेरिकी डलरमा चीन तथा अन्य मुलुकतर्फको वस्तु आयात अघिल्लो वर्षको सोही अवधिमा ४ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २२.१ प्रतिशतले बढ्न गई अमेरिकी डलर १ अर्ब ३९ करोड पुगेको छ ।

२०. चालू आर्थिक वर्ष २०७१/७२ को छ महिनामा विदेशी विनिमय सञ्चिति ५.९ प्रतिशतले वृद्धि भई रु. ७०४ अर्ब ४४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सञ्चिति १७.१ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विदेशी मुद्रा सञ्चिति गत वर्षको सोही अवधिमा १३.४ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २.४ प्रतिशतले बढेर अमेरिकी डलर ७ अर्ब ११ करोड पुगेको छ । उक्त स्तरको सञ्चितिले ११.४ महिनाको वस्तु र ९.८ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने देखिन्छ ।

२१. भारतसँगको उच्च व्यापार घाटाका कारण भारतीय रुपैयाँको मागमा चापको स्थिति कायमै छ । भारतीय रुपैयाँको माग व्यवस्थापनको लागि नेपाल राष्ट्र बैंकले मुख्यतया दुईवटा उपायहरु अवलम्बन गर्दै आएको छ । पहिलो उपाय अन्तर्गत भारतबाट अमेरिकी डलर भुक्तानी गरी आयात गर्न सकिने वस्तुहरुको संख्या बढाउँदै १६१ पुऱ्याइएको छ । आर्थिक वर्ष २०७१/७२ को छ महिनासम्ममा अमेरिकी डलर भुक्तानी गरी भारतबाट भएको आयात १२.४ प्रतिशतले वृद्धि भई रु. ४० अर्ब ६५ करोड पुगेको छ । यस्तो आयात अघिल्लो वर्षको सोही अवधिमा रु. ३६ अर्ब १६ करोड रहेको थियो । दोस्रो उपायको रुपमा नेपाल राष्ट्र बैंकले भारतीय मुद्राको आपूर्ति गर्न अमेरिकी डलर बिक्री गरी भारतीय रुपैयाँ खरिद गर्ने गरेको छ । यस उपाय अन्तर्गत चालू आर्थिक वर्षको छ महिनासम्ममा अमेरिकी डलर १ अर्ब ७४ करोड बिक्री गरी भारतीय रुपैयाँ १०६ अर्ब ९३ करोड खरिद गरिएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब ४४ करोड बिक्री गरी भारतीय रुपैयाँ ८९ अर्ब ४१ करोड खरिद गरिएको थियो ।

२२. २०७१ असार मसान्तको तुलनामा २०७१ पुस मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ३.३ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ३.२ प्रतिशतले अवमूल्यन भएको थियो । २०७१ पुस मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ९९.१३ रहेको छ । उक्त विनिमय दर २०७१ असार मसान्तमा रु. ९५.९० रहेको थियो ।

**वित्तीय बजार**

२३. बैंक तथा वित्तीय संस्थाहरुको पूँजीको आधार बढाई वित्तीय क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने कार्यको लागि

ल्याइएको "बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने सम्बन्धी नियमावली, २०६८" कार्यान्वयनमा आएपछि हालसम्म ६८ वटा बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभिई २५ वटा बनेका छन् । एक आपसमा गाभिने कार्यमा सबैभन्दा बढी वित्त कम्पनीहरु रहेका छन् । चालू आर्थिक वर्षको छ महिनासम्ममा ४ वटा बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभिएर एउटा वाणिज्य बैंक बनेको छ । त्यसैगरी, मुलुकका पाँचवटा ग्रामीण विकास बैंकहरु गाभिएर २०७१ साउनदेखि एकीकृत रुपमा कारोबार शुरु गरेका छन् ।

२४. २०७१ पुससम्ममा "क" वर्गका ३०, "ख" वर्गका ८१, "ग" वर्गका ५१ र "घ" वर्गका ३५ गरी यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या १९७ कायम भएको छ । २०७१ असार मसान्तमा त्यस्ता बैंक तथा वित्तीय सस्थाहरुको संख्या २०४ रहेको थियो । नेपाल राष्ट्र बैंकले मर्जरमार्फत् वित्तीय प्रणाली सुदृढीकरण गर्ने रणनीति लिएको फलस्वरुप बैंक तथा वित्तीय संस्थाहरुको संख्या घट्न गएको हो । २०७१ पुस मसान्तसम्ममा वाणिज्य बैंकहरुको १६३९, विकास बैंकहरुको ८३१, वित्त कम्पनीहरुको २३९ र लघुवित्त संस्थाहरुको ९८७ गरी कुल शाखा संख्या ३६९६ पुगेको छ । २०७१ असारमा बैंक तथा वित्तीय संस्थाहरुको कुल शाखा संख्या ३४५६ रहेको थियो । प्रति बैंक तथा वित्तीय संस्थाको शाखाबाट २०७१ असारमा औसत ७६६६ जनाले सेवा पाएकोमा २०७१ पुसमा औसत ७१६८ जनाले सेवा प्राप्त गरेको देखिन्छ ।

२५. साना तथा मझौला निक्षेपकर्ताहरुको बैंक तथा वित्तीय संस्थाहरुमा रहेको निक्षेपको सुरक्षा सुनिश्चित गर्दै बैंक तथा वित्तीय संस्थाहरुप्रति सर्वसाधारणको विश्वास अभिवृद्धि गराउने उद्देश्यले दुई लाख रुपैयाँसम्मको बैंक निक्षेपलाई सुरक्षण गराउने व्यवस्था गरिए अनुसार २०७१ पुस मसान्तसम्ममा १६७ बैंक तथा वित्तीय संस्थाहरुमार्फत् १ करोड ११ लाख ६९ हजार निक्षेपकर्ताहरुको रु. २६९ अर्ब १७ करोडको निक्षेप सुरक्षण भएको छ । त्यसैगरी, २०७१ पुस मसान्तसम्ममा रु. १२ करोड ६० लाखको कर्जा सुरक्षण भएको छ ।

२६. सरकारी संलग्नतामा संचालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरुको सुधार कार्य सन्तोषजनक ढंगले अघि बढेको छ । नेपाल बैंक लि. तथा राष्ट्रिय बाणिज्य बैंक लि. को वित्तीय स्थितिमा सुधार आई २०७१ पुस मसान्तसम्ममा यी बैंकहरुको चुक्ता पूँजी क्रमशः रु. ६ अर्ब ४७ करोड र रु. ८ अर्ब ५९ करोड पुगेको छ । त्यसैगरी, ५ वटा ग्रामीण विकास बैंक मर्ज भई स्थापना भएको नेपाल ग्रामीण विकास बैंक लि. को चुक्ता पूँजी २०७१ मंसिरमा रु. ५५ करोड ७५ लाख पुगेको छ ।

२७. कर्जा प्रवाह र असुली प्रक्रियामा गरिएको नीतिगत सुधारको कारण वित्तीय क्षेत्र सुधार कार्यक्रम लागू भएका सरकारी स्वामित्वका वाणिज्य बैकहरुको निष्क्रिय कर्जा अनुपात न्यून स्तरमै रहेको छ । सरकारी स्वामित्वमा रहेका वाणिज्य बैंकहरुमध्ये नेपाल बैंक लिमिटेडको निष्क्रिय कर्जा अनुपात २०७१ असारमा ५.८२ प्रतिशत रहेकोमा असोजमा केही सुधार भई ४.६४ प्रतिशत कायम भएको छ । राष्ट्रिय बाणिज्य बैंकको उक्त अनुपात यी दुबै अवधिमा ३.९५ प्रतिशतमा स्थिर रहेको छ । कृषि विकास बैंक लि.को निष्क्रिय कर्जा अनुपात अनुपात भने २०७१ असारको ५.३४ प्रतिशतबाट ५.६२ प्रतिशत पुगेको छ ।

२८. बैंक तथा वित्तीय संस्थाहरुको समग्र औसत निष्क्रिय कर्जा अनुपात भने केही बढेको छ । वाणिज्य बैंक समूहको निष्क्रिय कर्जा अनुपात २०७१ असारमा औसत २.९२ प्रतिशत रहेकोमा २०७१ असोजमा औसत ३.०१ प्रतिशत पुगेको छ । त्यसैगरी, विकास बैंक समूहको

औसत निष्क्रिय कर्जा अनुपात २०७१ असारको ४.१६ प्रतिशतको तुलनामा २०७१ असोजमा ४.९५ प्रतिशत पुगेको छ भने वित्त कम्पनीहरुको उक्त अनुपात २०७१ असारको ६.६८ प्रतिशतबाट बढेर २०७१ असोजमा ७.५६ प्रतिशत कायम भएको छ । समस्याग्रस्त वित्त कम्पनीहरुलाई समेत समावेश गर्दा २०७१ असोजमा वित्त कम्पनीहरुको औसत निष्क्रिय कर्जा अनुपात १५.६ प्रतिशत पुग्ने देखिन्छ ।

२९. वित्तीय सेवाको पहुँच कम भएका भौगोलिक क्षेत्रहरूमा बैंक तथा वित्तीय संस्थाहरुलाई शाखा खोल्न प्रोत्साहन गरी वित्तीय समावेशीकरणलाई अभिवृद्धि गर्दै लैजाने उद्देश्य अनुरुप तोकिएका १४ जिल्लामा शाखा खोलेमा जिल्ला सदरमुकाममा रु. ५० लाखसम्म र सदरमुकाम बाहिर शाखा खोलेमा निश्चित अवधिको लागि यस बैंकबाट रु. १ करोडसम्म निर्ब्याजी सापटी उपलब्ध गराउने नीतिगत व्यवस्थालाई निरन्तरता दिइएको छ । त्यसैगरी, वित्तीय पहुँच तथा समावेशीकरणलाई सहयोग पुऱ्याउन “घ” वर्गका वित्तीय संस्थाहरुले लघुवित्त सेवाको पहुँच कम भएका २२ जिल्लामा शाखा खोली वित्तीय कारोबार संचालन गरेमा प्रति शाखा रु. २० लाख शून्य ब्याजदरमा कर्जा सुविधा उपलब्ध गराउने व्यवस्था गरिएकोमा उक्त सीमालाई वृद्धि गरी रु ३० लाख पुऱ्याइएको छ । समीक्षा अवधिमा यस अर्न्तगत एउटा लघुवित्त संस्थाले दुईवटा शाखा खोले बापत रु. ६० लाख शून्य ब्याजदरमा सापटी उपलब्ध गराइएको छ । “घ” वर्गका वित्तीय संस्थाहरु संचालनका लागि इजाजतपत्र दिने व्यवस्था कायमै राखिएको छ । यस अन्तर्गत चालू आर्थिक वर्षको छ महिनामा ३ वटा “घ” वर्गका वित्तीय संस्थाहरुलाई इजाजतपत्र प्रदान गरिएको छ ।

३०. कर्जा तथा निक्षेपबीचको ब्याजदर अन्तर गणना गर्ने नयाँ विधि अनुसार २०७१ पुसमा वाणिज्य बैंकहरुको ब्याजदर अन्तर ४.५ प्रतिशत रहेको छ । त्यसैगरी, कर्जाको ब्याजदर निर्धारण प्रक्रियालाई पारदर्शी एवम् प्रतिस्पर्धी बनाउने उद्देश्यले लागू गरिएको आधार ब्याजदर गणना अनुसार २०७१ असारमा वाणिज्य बैंकहरुको आधार ब्याजदर ८.३६ प्रतिशत रहेकोमा २०७१ पुसमा केही घटेर ७.४९ प्रतिशत कायम भएको छ ।

३१. धितोपत्र बजारको स्थिति मापन गर्ने नेप्से सूचकाङ्क २०७१ असार मसान्तमा १०३६.१ रहेकोमा २०७१ पुस मसान्तमा ९३९.५ रहेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरुको संख्या २०७१ पुस मसान्तमा २३२ पुगेको छ । २०७१ असारसम्ममा यो संख्या २३७ रहेको थियो । सूचीकृत कम्पनीहरुमध्ये १९८ बटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ६ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

३२. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरुको चुक्ता पूँजी २०७१ असार मसान्तको तुलनामा ८.७ प्रतिशतले बढेर २०७१ पुस मसान्तमा रु. १५९ अर्ब २५ करोड पुगेको छ । २०७१ असारमा यस्तो पूँजी रु. १४६ अर्ब ५२ करोड रहेको थियो । आर्थिक वर्ष २०७१/७२ को छ महिनामा रु. ९ अर्ब १ करोड ५० लाखको साधारण शेयर, रु. ८६ करोड ७४ लाखको हकप्रद शेयर, रु. २ अर्ब ७६ करोड ४५ लाखको बोनस शेयर गरी कुल रु. १२ अर्ब ६४ करोड ७० लाखको धितोपत्र सूचीकृत भएको छ ।

३३. धितोपत्रको बजार पूँजीकरण २०७१ असार मसान्तमा रु. १०५७ अर्ब १७ करोड कायम रहेकोमा २०७१ पुस मसान्तमा ८.९ प्रतिशतले घटी रु. ९६३ अर्ब ४२ करोड कायम भएको छ । २०७१ पुस मसान्तमा कायम बजार पूँजीकरणको आर्थिक वर्ष २०७०/७१ को कुल

गार्हस्थ्य उत्पादनसँगको अनुपात ५० प्रतिशत रहेको छ । २०७१ असार मसान्तमा यस्तो अनुपात ५४.८ प्रतिशत रहेको थियो ।

३४. सहकारी विभागबाट प्राप्त पछिल्लो तथ्याङ्क अनुसार २०७० पुस मसान्तसम्ममा बचत तथा ऋण सहकारी संस्थाहरूको संख्या १३,५५० पुगेको छ । यी संस्थाहरूले कुल रु. १२८ अर्ब ५३ करोड बचत परिचालन गरी रु. ११९ अर्ब ३९ करोड कर्जा लगानी गरेका छन् । बचत तथा ऋण सहकारी संस्थाहरुको कारोबारको अनुगमनलाई प्रभावकारी तुल्याउन नेपाल राष्ट्र बैंकले सहकारी विभागलाई प्राविधिक सहयोग पुऱ्याउँदै आएको छ ।

## मौद्रिक तथा तरलता स्थिति

### मौद्रिक स्थिति

३५. आर्थिक वर्ष २०७१/७२ को शुरुमा शोधनान्तर बचत न्यून रहेतापनि चौथो महिनादेखि क्रमशः सुधार हुँदै आएको छ । यसबाट आर्थिक वर्षको अन्त्यसम्ममा मौद्रिक योगाङ्कहरुको विस्तार लक्ष्यकै हाराहारीमा पुग्ने अनुमान छ । आर्थिक वर्ष २०७१/७२ को छ महिनासम्ममा विस्तृत मुद्राप्रदाय ५.८ प्रतिशतले वृद्धि भएको छ । वार्षिक विन्दुगत आधारमा २०७१ पुस मसान्तमा विस्तृत मुद्राप्रदाय १५.६ प्रतिशतले बढेको छ ।

३६. निजी क्षेत्रतर्फको कर्जामा उल्लेख्य वृद्धि भएतापनि सरकारको साधन परिचालनको तुलनामा खर्च वृद्धि हुन नसकेकोले खुद आन्तरिक सम्पत्तिको विस्तार न्यून स्तरमै रहेको छ । चालू आर्थिक वर्षको छ महिनासम्ममा मौद्रिक क्षेत्रको खुद आन्तरिक सम्पत्ति ५.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति ४.८ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा नेपाल सरकारमाथिको खुद दाबी ४२.३ प्रतिशतले घटेको छ, जुन अघिल्लो वर्षको सोही अवधिमा ४४.१ प्रतिशतले घटेको थियो ।

३७. आर्थिक वर्ष २०७१/७२ को छ महिनासम्ममा कुल आन्तरिक कर्जा ५.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा १.१ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७१ पुस मसान्तमा यस्तो कर्जा १७.८ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा ११.५ प्रतिशत (रु. १३१ अर्ब ९० करोड) ले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ८.९ प्रतिशतले बढेको थियो ।

३८. यस बैंकले निक्षेप बोलकबोल र रिभर्स रिपोमार्फत् बैंक तथा वित्तीय संस्थाहरुको तरलता प्रशोचन गरेको साथै चलनचल्तीमा रहेको मुद्राको वृद्धिदरमा समेत कमी आएकोले समीक्षा अवधिमा संचित मुद्रा (Reserve Money) घटेको छ । चालू आर्थिक वर्षको छ महिनासम्ममा संचित मुद्रा १२.४ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा २.२ प्रतिशतले बढेको थियो ।

### निक्षेप परिचालन तथा कर्जा प्रवाह

३९. समीक्षा अवधिमा विप्रेषण आप्रवाहको वृद्धिदरमा संकुचन आएकोले बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको विस्तारमा केही कमी आएको छ । चालू आर्थिक वर्षको छ महिनासम्ममा “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन ६ प्रतिशत (रु. ८३ अर्ब ७६ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त रकम ८ प्रतिशत (रु. ९५ अर्ब ४१ करोड) ले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन १६.१ प्रतिशतले वृद्धि भएको छ ।

४०. समीक्षा अवधिमा वाणिज्य बैंक तथा वित्त कम्पनीहरुको निक्षेप परिचालन क्रमशः ७.२ प्रतिशत र २.३ प्रतिशतले बढेको छ भने विकास बैंकहरुको निक्षेप परिचालन १.१ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको निक्षेप ७.२ प्रतिशतले, विकास बैंकहरुको १३.९ प्रतिशतले र वित्त कम्पनीहरुको ८.४ प्रतिशतले बढेको थियो । केही विकास बैंकहरु वाणिज्य बैंकहरुमा मर्ज भएकोले समीक्षा अवधिमा विकास बैंकहरुको निक्षेप घटेको देखिएको हो ।

४१. आर्थिक वर्ष २०७१/७२ को छ महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी ९.५ प्रतिशत (रु. १२५ अर्ब ३९ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी ७.३ प्रतिशत (रु. ८३ अर्ब ६६ करोड) ले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंकहरुको कर्जा तथा लगानी ११.६ प्रतिशतले, विकास बैंकहरुको ०.२ प्रतिशतले र वित्त कम्पनीहरुको ४.१ प्रतिशतले बढेको छ ।

४२. चालू आर्थिक वर्षको छ महिनासम्ममा निजी क्षेत्रतर्फको कर्जा प्रवाह उल्लेख्य रुपमा विस्तार भएको छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ११.६ प्रतिशत (रु. १२९ अर्ब २८ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ९ प्रतिशत (रु. ८४ अर्ब ८३ करोड) ले मात्र बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा २१.५ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा वाणिज्य बैंकहरुको निजी क्षेत्रमा प्रवाहित कर्जा १४.२ प्रतिशतले, विकास बैंकहरुको १.३ प्रतिशतले र वित्त कम्पनीहरुको १.५ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको कर्जा तथा लगानी क्रमशः ९.३ प्रतिशत, ११.६ प्रतिशत र ०.८ प्रतिशतले बढेको थियो ।

४३. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. ३४ अर्ब १२ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. २२ अर्ब ३६ करोडले बढेको थियो । समीक्षा अवधिमा थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. ३२ अर्ब ७४ करोडले, निर्माण क्षेत्रतर्फको कर्जा रु. १६ अर्ब ४६ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको रु. ५ अर्ब ९८ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. २६ अर्ब ३८ करोडले, निर्माण क्षेत्रतर्फको कर्जा रु. ९ अर्ब ६२ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. १ अर्ब ६७ करोडले बढेको थियो । त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिमा कृषि क्षेत्रतर्फको कर्जा रु. ४ अर्ब ११ करोडले बढेको तुलनामा समीक्षा अवधिमा रु. ६ अर्ब ४३ करोडले बढेको छ ।

४४. २०७१ असारमा वाणिज्य बैंकहरुको कर्जा-निक्षेप अनुपात (प्राथमिक पूँजी सहित) ७१.६१ प्रतिशत रहेकोमा २०७१ मंसिरमा उक्त अनुपात ७५.३ प्रतिशत पुगेको छ । त्यसैगरी, विकास बैंक तथा वित्त कम्पनीहरुको कर्जा-निक्षेप अनुपात २०७१ असारमा क्रमशः ७१.०२ प्रतिशत र ७६.५५ प्रतिशत रहेकोमा उक्त अनुपात २०७१ मंसिरमा क्रमशः ८०.५ प्रतिशत र ९०.१ प्रतिशत कायम रहेको छ ।

**वित्तीय प्रणालीको तरलता**

४५. चालू आर्थिक वर्षको छ महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुको तरल कोष १९ प्रतिशत (रु. ५४ अर्ब ५० करोड) ले घटी रु. २३२ अर्ब ४२ करोड रहन पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कोष ०.९ प्रतिशत (रु. १ अर्ब ९९ करोड) ले बढेको थियो ।

४६. बैंक तथा वित्तीय संस्थाहरुको तरलता-निक्षेप अनुपात २०७१ असारमा ३०.५ प्रतिशत रहेकोमा २०७१ पुसमा उक्त अनुपात २७.३ प्रतिशत कायम हुन पुगेको छ ।

**अधिक तरलता व्यवस्थापन**

४७. विगत डेढ वर्षदेखि बैंकिङ्ग क्षेत्रमा अधिक तरलताको अवस्था विद्यमान रहिरहेको सन्दर्भमा चालू आर्थिक वर्षको मौद्रिक नीतिमा उल्लेख भए अनुरुप नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१ पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको छ । उक्त विनियमावलीमा उल्लेख भए बमोजिम खुलाबजार कारोबार अन्तर्गत नयाँ उपकरणको रुपमा २०७१ भदौदेखि ३ महिना अवधिको निक्षेप बोलकबोललाई समेत प्रयोगमा ल्याइएको छ ।

४८. आर्थिक वर्ष २०७१/७२ को छ महिनासम्ममा पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् रु. ७५ अर्ब तथा रिभर्स रिपोमार्फत् रु. २६० अर्ब ५० करोडको तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा रिभर्स रिपोमार्फत् रु. ११८ अर्ब ५० करोडको तरलता प्रशोचन गरिएको थियो ।

४९. तरलता व्यवस्थापनको लागि चालू आर्थिक वर्षदेखि विदेशी मुद्रा कारोबार गर्न अनुमतिप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो विदेशी मुद्रा संचितिको निश्चित अंश विदेशी वित्तीय उपकरणमा लगानी गर्न पाउने व्यवस्था मिलाइएको छ ।

५०. अधिक तरलता प्रशोचनका लागि यस बैंकले खुला बजार कारोबारलाई थप सक्रिय बनाउँदै लगेको कारण अधिक तरलताको स्थितिमा सुधार आएको छ । २०७१ साउनमा मासिक औसत रु. ७६ अर्ब अधिक तरलता रहेकोमा भदौमा उक्त परिमाण रु. ४४ अर्ब, असोजमा रु. १५ अर्ब हुँदै २०७१ माघ महिनाको अन्त्यमा अधिक तरलताको अवस्था रहेको देखिंदैन ।

**मुद्रा बजारको स्थिति**

५१. आर्थिक वर्ष २०७१/७२ को छ महिनासम्ममा वाणिज्य बैंकहरुले रु. १५२ अर्ब ५० करोड र अन्य वित्तीय संस्थाहरु (वाणिज्य बैंकहरुबीच बाहेक) ले रु. ९६ अर्ब ६६ करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरुले क्रमशः रु. ९४ अर्ब ३४ करोड र रु. ६४ अर्ब २८ करोड बराबरको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा स्थायी तरलता सुविधाको भने उपयोग भएको छैन ।

५२. २०७० पुसको तुलनामा २०७१ पुसमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर सीमान्त रुपले बढेको छ भने अन्तर-बैंक कारोबारको ब्याजदर सीमान्त रुपले घटेको छ । २०७० पुसमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ०.४७ प्रतिशत रहेकोमा २०७१ पुसमा ०.१६ प्रतिशत कायम रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७० पुसमा ०.२१ प्रतिशत रहेकोमा २०७१ पुसमा

०.१५ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७० पुसमा २.६२ प्रतिशत रहेकोमा २०७१ पुसमा २.५१ प्रतिशत रहेको छ ।

५३. आर्थिक वर्ष २०७१/७२ को छ महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर १ अर्ब ६६ करोड खुद खरिद गरी रु. १५७ अर्ब २० करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब ६९ करोड खुद खरिद गरी रु. १६८ अर्ब ९३ करोडको खुद तरलता प्रवाह भएको थियो । समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब ७४ करोड बिक्री गरी रु. १७१ अर्ब १० करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब ४४ करोड बिक्री गरी रु. १४३ अर्ब ६ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

५४. ट्रेजरी विल्स र विकास ऋणपत्रहरु लगायत खुला बजारका उपकरणहरुको Online Bidding System Software मार्फत् परीक्षणको रुपमा कारोबार शुरु भएको छ । यसको प्रभावकारी कार्यान्वयनको लागि काठमाडौं उपत्यकामा चारवटा र उपत्यका बाहिर तीनवटा तालिम संचालन गरिएको छ ।

५५. चालू आर्थिक वर्षदेखि उत्पादनशील क्षेत्रतर्फको कर्जा प्रवाह विस्तारका माध्यमबाट आर्थिक वृद्धिमा सहयोग पुर्‍याउने उद्देश्यले यस बैंकले पुनरकर्जा दर ५ प्रतिशतबाट घटाएर ४ प्रतिशत पुर्‍याएको छ । २०७१ पुससम्ममा असल कर्जाको धितोमा यस बैंकबाट रु. ३ अर्ब २ करोडको साधारण पुनरकर्जा तथा रु. १ अर्ब ४१ करोडको निर्यात पुनरकर्जा सुविधा प्रदान गरिएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा साधारण तथा निर्यात पुनरकर्जा सुविधा अन्तर्गत क्रमशः रु. २ अर्ब २ करोड र रु. १ अर्ब ३९ करोड प्रदान गरिएको थियो ।

## वित्तीय र वाह्य क्षेत्र कार्यक्रमहरुको कार्यान्वयन स्थिति

### वित्तीय क्षेत्र सुधार, नियमन तथा सुपरिवेक्षण

५६. वित्तीय स्थायित्व कायम गर्ने, वित्तीय पहुँच बढाउने र वित्तीय क्षेत्रको विकास एवम् विस्तारवाट उच्च आर्थिक वृद्धि हासिल गर्न सघाउ पुर्‍याउने उद्देश्यले समग्र वित्तीय क्षेत्र जस्तै : बैंकिङ्ग, बीमा, पूँजी बजार तथा सहकारीलाई समेटी वित्तीय क्षेत्र विकास रणनीति तर्जुमा गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । चालू आर्थिक वर्षदेखि नै यसको कार्यान्वयन शुरु गरिने छ ।

५७. Payment System Development Strategy जारी भएपछि Real Time Gross Settlement (RTGS) लाई कार्यान्वयनमा ल्याउन Payment & Settlement सम्बन्धी एक छुट्टै महाशाखा गठन गर्नुका साथै Payment System Development Strategy लागू गरिएको छ । त्यसैगरी, भुक्तानी तथा फछ्र्यौट ऐनको मस्यौदा अन्तिम चरणमा पुगेको छ ।

५८. वाणिज्य बैंकहरुमा बासल-३ का प्रावधानहरु क्रमशः कार्यान्वयन गर्दै लैजाने कार्यतालिका अनुसार बासल-३ कार्यान्वयन कार्यदल गठन भई New Capital Adequacy Framework तयार भएको छ । साथै, वाणिज्य बैंकहरुको लागि बासल-३ मा आधारित तरलता अनुगमन

पद्धति एवम् तरलताका आधारमा समेत शीघ्र सुधारात्मक कारबाही (Prompt Corrective Action) लागू गर्ने सम्बन्धी कार्यवाही अन्तिम चरणमा पुगेको छ ।

५९. सुपरिवेक्षण प्रणालीलाई जोखिममा आधारित पद्धति (Risk Based Supervision Approach) अनुरुप कार्यान्वयन गर्ने क्रममा Risk Based Supervision Onsite Manual तयार भई बैंकहरुको जोखिममा आधारित निरीक्षण शुरु गरिएको छ । साथै, Risk Based Supervision Offsite Manual समेत तयारीको क्रममा रहेको छ ।

६०. बहु-बैंकिङ्ग कर्जा कारोबारलाई व्यवस्थित गर्न आवश्यक नीतिगत व्यवस्थाको मस्यौदा तयार हुने क्रममा छ । साथै, यस्तो कर्जा कारोबारलाई व्यवस्थित गर्न अनुगमन पद्धतिको विकास गर्ने क्रममा ठूला ऋणीहरुको वित्तीय विवरणलाई Online Reporting गर्ने व्यवस्था समेत कार्यान्वयनमा ल्याइएको छ ।

६१. वाणिज्य बैंकहरुले चालू पूँजीको लागि गर्ने कर्जा प्रवाह पद्धतिमा सुधार गर्नको लागि कार्यदल गठन गरी कर्जा प्रवाह सम्बन्धी मापदण्ड तयार गर्ने कार्य अघि बढाइएको छ ।

६२. "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई यस बैंकबाट तोकिएको न्यूनतम चुक्ता पूँजी कायम गर्न निर्देशन दिइएकोमा २०७१ पुस मसान्तसम्ममा सबै वाणिज्य बैंकहरुले न्यूनतम चुक्ता पूँजी कायम गरेका छन् भने ५ वटा विकास बैंक र ८ वटा वित्त कम्पनीहरुले न्यूनतम चुक्ता पूँजी पूरा गर्न बाँकी रहेको छ । चुक्ता पूँजी पूरा नगरेका वित्तीय संस्थाहरुलाई कारबाहीको दायरामा राखिएको छ ।

६३. यस बैंकको व्यवस्थापनमा रही संरचनागत सुधारको क्रममा रहेको नेपाल बैंक लिमिटेडको पूँजीकोष आर्थिक वर्ष २०७१/७२ मा तोकिएको अनुपातमा कायम हुने गरी नेपाल राष्ट्र बैंकद्वारा सो बैंकको व्यवस्थापन हस्तान्तरण गर्ने कार्य सम्पन्न भइसकेको छ ।

६४. द्वन्द्वका समयमा बन्द भएका कृषि विकास बैंकका ५२ शाखाहरु पुनर्स्थापना भइसकेको र १५ शाखाहरु पुनर्स्थापना हुने क्रममा रहेको, राष्ट्रिय वाणिज्य बैंकका ४५ शाखाहरु पुनर्स्थापना भइसकेको र ५२ शाखाहरु पुनर्स्थापना हुने क्रममा रहेको तथा नेपाल बैंक लिमिटेडका २३ शाखाहरु पुनर्स्थापना भइसकेको र ९७ शाखाहरु पुनर्स्थापना हुन बाँकी रहेका छन् ।

६५. संरचनागत सुधारको क्रममा रहेको राष्ट्रिय वाणिज्य बैंकको पूँजीकोष अनुपात २०७१ पुस मसान्तमा १०.०९ प्रतिशत पुग्न गई उक्त बैंक सरकारी क्षेत्रको सवल बैंकको रुपमा विकसित भएको छ ।

६६. आर्थिक वर्ष २०७१/७२ को बजेट वक्तव्यमा उल्लेख भए बमोजिम तोकिएका कृषि व्यवसायहरुका लागि ६.० प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध हुने गरी ब्याज अनुदान प्रदान गर्न 'युवाहरुलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१' कार्यान्वयनमा ल्याइएको छ ।

६७. वाणिज्य बैंकहरुले २०७२ असार मसान्तसम्ममा आफ्नो कुल कर्जाको २० प्रतिशत कर्जा तोकिएको उत्पादनशील क्षेत्रमा प्रवाह गर्नुपर्ने र कृषि तथा उर्जा क्षेत्रमा कम्तिमा १२ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था कार्यान्वयनको अनुगमन गरिएको छ । २०७३ असार मसान्तसम्ममा विकास बैंक र वित्त कम्पनीहरुले समेत तोकिएका उत्पादनशील क्षेत्रमा कुल कर्जाको क्रमशः १५ प्रतिशत र १० प्रतिशत पुऱ्याउनु पर्ने व्यवस्थाको समेत प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ ।

६८. बैंक तथा वित्तीय संस्थाहरुका संस्थापकहरुको विभिन्न समूहमा वर्गीकरण हुने व्यवस्थाको अन्त्य गरी सबै संस्थापकहरुलाई एकै समूहमा रहने व्यवस्था गर्ने गरी निर्देशन जारी गरिएको छ ।

६९. विनिमेय अधिकार पत्र ऐन, २०३४ मा समसामायिक संशोधनका लागि सोको मस्यौदा नेपाल सरकारमा पेश गर्ने क्रममा संशोधन समिति गठन भई आवश्यक मस्यौदा तयारीको कार्य अघि बढेको छ ।

७०. वित्तीय सेवा सम्बन्धमा सर्वसाधारणलाई सुसूचित गर्न तथा वित्तीय साक्षरता अभिवृद्धि गर्न यस बैंकद्वारा वित्तीय साक्षरताका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिँदै आएको छ । साथै, वित्तीय सेवाका ग्राहकहरुको हित संरक्षण गर्ने उद्देश्यले बैंक तथा वित्तीय संस्थाहरुको सेवा शुल्कहरु पारदर्शी बनाउनका लागि निर्देशन जारी गरिएको छ । यस व्यवस्थाबाट ग्राहक-मैत्री बैंकिङ्ग प्रणालीको विकास हुने अपेक्षा गरिएको छ ।

७१. चालू आर्थिक वर्षको मौद्रिक नीतिमा उल्लेख भएका (क) बैंक तथा वित्तीय संस्थामा अध्यक्ष, संचालक, प्रबन्ध संचालक, प्रमुख कार्यकारी अधिकृत समेतका पदाधिकारीहरु लगातार दुई पटकभन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन नसक्ने व्यवस्था, (ख) बैंकका लगानीकर्ता/संस्थापक र व्यवसायी/ऋणीबीचको भिन्नता कायम गरी वित्तीय सुशासन कायम गर्ने व्यवस्था, (ग) कुनै बैंक तथा वित्तीय संस्थाको संचालक तथा प्रमुख कार्यकारी अधिकृतले आफ्नो अधिकांश स्वामित्वको कम्पनी/फर्मको लागि बैंक कर्जा लिन नपाउने व्यवस्था, र (घ) चुक्ता पूँजीको एक निश्चित प्रतिशतभन्दा बढी शेयर स्वामित्व हुने व्यक्ति उक्त संस्थाको कार्यकारी पदमा रहन नसक्ने सम्बन्धी व्यवस्थाहरु कार्यान्वयनमा ल्याइएको छ ।

७२. संस्थागत ऋणीहरुलाई कर्जा प्रदान गर्दा ऋणीहरुको वास्तविक वित्तीय स्थितिको आधारमा मात्र कर्जा स्वीकृति एवम् प्रवाह गर्नुपर्ने व्यवस्था गर्ने सम्बन्धमा आवश्यक निर्देशनको मस्यौदा तयारीको क्रममा रहेको छ ।

७३. बासलका आधारभूत सिद्धान्तहरुको स्वःमूल्याङ्कन (Self Assessment of Basel Core Principles) गरी उपयुक्त हुने विषयहरुको कार्यान्वयन गर्नका लागि Action Plan तयार गर्नुको साथै कार्यदल बनाइएको छ ।

७४. वाणिज्य बैंकका अतिरिक्त अन्य बैंक तथा वित्तीय संस्थाहरुको समेत कर्जा तथा निक्षेपबीचको ब्याजदर अन्तर र आधार दर अनुगमन गर्ने व्यवस्था गरिएको छ । यस अन्तर्गत विकास बैंक र वित्त कम्पनीहरुले पनि ब्याजदर अन्तर तथा कर्जाको आधार दर गणना गरी प्रकाशित गर्न थालेका छन् । २०७१ पुसमा वाणिज्य बैंकहरुको ब्याजदर अन्तर ४.५ प्रतिशत र आधार दर ७.४९ प्रतिशत रहेको छ ।

### घरेलु तथा साना व्यवसाय

७५. घरेलु तथा साना व्यवसायलाई प्रोत्साहन गर्न संचालन भइरहेका व्यवसायलाई वार्षिक कारोबारको सामर्थ्यको आधारमा रु. १० लाख र व्यक्तिगत/संस्थागत जमानीमा रु. १५ लाखसम्म कर्जा प्रवाह गर्न निर्देशन जारी भइसकेको छ ।

७६. घरेलु तथा साना उद्योग व्यवसायमा प्रवाह हुने कर्जाको सुरक्षण सीमा, सुरक्षण शुल्क र यस्तो कर्जाको लागि जोखिम व्यवस्थामा थप छुट दिन निक्षेप तथा कर्जा सुरक्षण निगमसँग

समन्वय गर्ने गरी आवश्यक व्यवस्था मिलाइएको छ । साथै, केही बैंक तथा वित्तीय संस्थाहरुले SME Desk लाई सक्रिय पारी SME कर्जालाई प्राथमिकता दिएका छन् ।

**लघुवित्त तथा वित्तीय पहुँच**

७७. बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति कम भई वित्तीय पहुँचको अवस्था कमजोर रहेका क्षेत्रमा अवस्थित सहकारी संस्थाहरुलाई परिचालन गरी ग्रामीण स्वावलम्बन कोषबाट थोक कर्जा प्रवाहमा प्राथमिकता दिइएको छ । यस बैंकले तोकेका वित्तीय पहुँच न्यून रहेका नगरपालिकामा अवस्थित सहकारी संस्थाहरुलाई समेत कर्जा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ । साथै, अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित सहकारी संस्थाहरुलाई कर्जा लगानी गर्दा ग्रामीण क्षेत्रमै कार्यालय खोली कार्यरत रहनुपर्ने अनिवार्यतालाई हटाइएको छ ।

७८. यस बैंकबाट वित्तीय मध्यस्थताको कारोबार गर्न अनुमति प्राप्त गैर-सरकारी संस्थाहरुलाई तोकिएको प्रक्रिया पूरा गरी २०७२ असार मसान्तसम्ममा "घ" वर्गको लघुवित्त संस्थामा परिणत गर्ने प्रक्रियालाई प्रोत्साहित गर्न त्यस्तो संस्थामा रहने संस्थागत शेयर स्वामित्वको सीमा २५ प्रतिशतबाट बढाएर ५१ प्रतिशतसम्म पुर्‍याउन पाउने व्यवस्था गरिएको छ ।

७९. महिलाद्वारा प्रवर्द्धित लघुउद्यमको लागि सम्बन्धित परियोजना धितोमा प्रवाह हुने रु. ७ लाखसम्मको परियोजना कर्जालाई सुरक्षण गराउने व्यवस्था मिलाई विपन्न वर्ग कर्जामा गणना गर्ने व्यवस्था गरिएको छ ।

८०. सर्वसाधारण जनतामा वित्तीय पहुँच विस्तार गर्ने तथा वित्तीय उपकरणहरुको उपयोगलाई प्रभावकारी तुल्याउने उद्देश्यले वित्तीय साक्षरता विकास रणनीतिको अन्तिम मस्यौदा तयार गरिएको छ ।

८१. यस बैंकबाट ईजाजतप्राप्त "घ" वर्गका लघुवित्त विकास बैंकहरुको लाभांश वितरणलाई ग्राहकहरुको हित संरक्षणसँग आवद्ध गर्ने व्यवस्था कार्यान्वयनको चरणमा रहेको छ ।

८२. लघुवित्त संस्थाहरुबीच कर्जा सूचना आदान-प्रदान गर्न सहजता प्रदान गर्नुका साथै कर्जाको दोहोरोपनाको समस्या कम गर्न लघुवित्त संस्थाहरुलाई कर्जा सूचना केन्द्रसँग आवद्ध गर्ने सम्बन्धी कार्य थालनी गरिएको छ ।

८३. पाँचवटा ग्रामीण विकास बैंकहरु मर्ज भई स्थापना भएको नेपाल ग्रामीण विकास बैंक लिमिटेडलाई व्यावसायिक रुपमा संचालन गर्न नेपाल राष्ट्र बैंकले सहजीकरण गरिरहेको छ ।

८४. बचत तथा ऋण सहकारी संस्थाहरुलाई सुपरिवेक्षकीय दायराभित्र ल्याई वित्तीय स्थायित्व र आर्थिक अनुशासन कायम गर्नका लागि नियामक निकायलाई आवश्यक सहयोग पुर्‍याउन यस बैंकको बैंकर्श प्रशिक्षण केन्द्रबाट तालिम प्रदान गर्न शुरु गरिएको छ र भविष्यमा यस्ता तालिमलाई निरन्तरता दिइने छ ।

**विदेशी विनिमय व्यवस्थापन**

८५. विश्व वित्तीय बजारसँग एकीकृत हुँदै गएको राष्ट्रिय अर्थतन्त्रमा पूँजी खाता परिवर्त्यताका व्यवस्थाहरु समयानुकूल बनाउन विदेशी विनिमय नियमित गर्ने ऐन र विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐनको संशोधन मस्यौदा तयार भएको छ ।

८६. विदेशमा स्वास्थोपचार गर्नको लागि बैंक तथा वित्तीय संस्थाहरुबाट वार्षिक अमेरिकी डलर १० हजारसम्मको सटही सुविधा प्रदान गर्ने व्यवस्था मिलाइएको छ ।

८७. नेपाली नागरिकहरुले आफ्नो पहिचान खुल्ने प्रमाण सहित आफूसँग रहेको नगद परिवर्त्य विदेशी मुद्रा सटहीको लागि अनुरोध गरेमा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले एक पटकमा अमेरिकी डलर ३००० सम्म वा सो बराबर हुने अन्य परिवर्त्य विदेशी मुद्रा सटही (खरिद) गर्न सक्ने गरी सीमा वृद्धि गरिएको छ ।

८८. अमेरिकी डलर २००० सम्मको खरिद Online मार्फत् समेत गर्न सकिने व्यवस्था मिलाइएको छ । साथै, परिवर्त्य विदेशी मुद्रामा खाता हुने नेपालीले आफ्नो खाताबाट वस्तु तथा सेवा खरिद गर्ने प्रयोजनका लागि वार्षिक अमेरिकी डलर १० हजारसम्म भुक्तानी दिनसक्ने व्यवस्था गरिएको छ ।

८९. चीनसँग हुने आयात/निर्यात व्यापारको लागि वाणिज्य बैंकहरुमार्फत् हुने भुक्तानी प्रणालीलाई व्यवस्थित गर्न चीनको विभिन्न स्थानमा रहेका वाणिज्य बैंकहरुमार्फत् बैंकिङ्ग कारोबार गर्न सकिने व्यवस्था गरिएको छ । साथै, भारत बाहेक तेस्रो मुलुकहरुबाट ड्राफ्ट, टी.टी.को माध्यमबाट वस्तु आयात गर्दा एक पटकमा बढीमा अमेरिकी डलर ३० हजारबाट वृद्धि गरी अमेरिकी डलर ३५ हजार बराबरसम्मको भुक्तानी दिन पाइने व्यवस्था गरिएको छ ।

९०. वाणिज्य बैंकहरुले विदेशी विनिमय संचितिको मौज्दातबाट आफ्नो दैनिक तरलतामा प्रतिकूल असर नपर्ने गरी ४० प्रतिशतसम्म २ वर्ष अवधिसम्मको कल डिपोजिट, सर्टिफिकेट अफ डिपोजिट वा यस्तै अन्य न्यून जोखिम भएका उपकरणहरुमा लगानी गर्नसक्ने व्यवस्था मिलाइएको छ ।

९१. चीनसँगको व्यापार अभिवृद्धिका लागि नेपालको रसुवागढी भन्सार बिन्दुबाट समेत एल.सी. मार्फत् पनि सामान आयात गर्नसक्ने व्यवस्था गरिएको छ ।

९२. नेपाली ट्राभल/टुर्स कम्पनीहरुले नेपाली नागरिकलाई विदेश भ्रमणका लागि कम्पनी आफैले वा विदेशी एजेन्सीसँग सहकार्य गरी विभिन्न टूर प्याकेज सम्बन्धी सेवा बिक्री गरेमा आवश्यक कागजातहरु लिई बैंक तथा वित्तीय संस्थाहरुमार्फत् प्रति व्यक्ति अमेरिकी डलर १००० सम्म ट्राभल कम्पनीलाई भुक्तानी पठाउन सक्ने व्यवस्था गरिएको छ ।

## आर्थिक तथा मौद्रिक परिदृश्य

९३. चालू आर्थिक वर्षको मौद्रिक नीति घोषणा गर्दा मुद्रास्फीतिलाई ८.० प्रतिशतमा सीमित राखी ६.० प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न सहयोग पुऱ्याउने र कम्तिमा ८.० महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने विदेशी मुद्रा सञ्चिति कायम गर्ने लक्ष्य राखिएकोमा आर्थिक वृद्धि बाहेक अरु सबै लक्ष्यहरु हासिल हुने देखिएको छ ।

९४. आर्थिक वर्षको शुरुदेखि नै मूल्यस्थितिमा केही सुधार देखिएको तथा पछिल्लो समयमा पेट्रोलियम पदार्थको मूल्यमा गिरावट आउनुका साथै विदेशी विनिमय दर समेत स्थिर रहेकोले चालू आर्थिक वर्षमा मुद्रास्फीति दर लक्षित सीमाभित्रै रहने देखिन्छ ।

९५. चालू आर्थिक वर्षमा गैर-कृषि क्षेत्र अघिल्लो वर्षको तुलनामा थप विस्तार हुने देखिएतापनि मौसमी प्रतिकूलताको कारण धान तथा मकै जस्ता प्रमुख खाद्यान्न बालीहरुको उत्पादनमा

ह्रास आएकोले समग्र कृषि क्षेत्रको विस्तारमा संकुचन आई आर्थिक वृद्धिदर ५ प्रतिशतको हाराहारीमा रहने अनुमान छ ।

९६. चालू आर्थिक वर्षको प्रारम्भमा शोधनान्तर स्थितिमा केही संकुचन आएतापनि पछिल्ला महिनाहरुमा शोधनान्तर बचत उल्लेख्य रहेकोले विदेशी विनिमय सञ्चितिमा वृद्धि हुँदै गएको छ । चालू आर्थिक वर्षको छ महिनासम्ममा शोधनान्तर रु. ३४ अर्ब २६ करोडले बचतमा रहेको छ । यस स्तरको विदेशी विनिमय सञ्चितिले करिब ९.८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त हुने अवस्था रहेको छ । विगत छ महिनासम्मको यथार्थ स्थिति एवम् आगामी परिदृश्यलाई समेत विश्लेषण गर्दा चालू आर्थिक वर्षको अन्त्यसम्ममा करिब रु. ५५ अर्बको शोधनान्तर बचत कायम रहने अनुमान छ । यस अनुमानको आधारमा २०७२ असार मसान्तको विदेशी विनिमय सञ्चितिले करिब ९ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने देखिन्छ ।

९७. चालू आर्थिक वर्षको मौद्रिक नीतिले मौद्रिक विस्तारबाट मूल्यमा चाप पर्न नदिन तथा लक्षित आर्थिक वृद्धिदर हासिल गर्न सहयोग पुग्ने गरी मौद्रिक व्यवस्थापन गर्न मौद्रिक नीतिको अन्तरिम लक्ष्यको रुपमा विस्तृत मुद्राप्रदायको वृद्धिदरलाई १६.० प्रतिशतको सीमाभित्र कायम राख्ने लक्ष्य राखेको थियो । मौद्रिक योगाङ्कहरुको विगत छ महिनासम्मको यथार्थ स्थिति एवम् विगत तीन वर्षको औसत वृद्धिदर समेतलाई आधार मान्दा चालू आर्थिक वर्षको अन्त्यसम्ममा विस्तृत मुद्राप्रदायको वृद्धिदर लक्षित सीमाभित्रै कायम रहने देखिन्छ ।

९८. चालू आर्थिक वर्षको छ महिनासम्ममा नेपाल सरकारलाई जाने कर्जा घटेतापनि निजी क्षेत्रतर्फको कर्जाको विस्तार उल्लेख्य रहेको छ । यही प्रवृत्ति कायम रहेमा चालू आर्थिक वर्षको अन्त्यसम्ममा निजी क्षेत्रतर्फ जाने कर्जाको वृद्धिदर मौद्रिक नीतिले लक्षित गरेको १८.० प्रतिशतभन्दा केही बढी अर्थात् २०.० प्रतिशत रहने संशोधित अनुमान छ । चालू आर्थिक वर्षमा कुल आन्तरिक कर्जा लगायत अन्य मौद्रिक योगाङ्कहरुको वृद्धिदर भने लक्षित स्तरमै रहने अनुमान छ ।

## मौद्रिक नीतिको कार्यदिशा तथा व्यवस्थापन

९९. मौद्रिक नीतिको प्रमुख चुनौतीको रुपमा रहेको अधिक तरलता व्यवस्थापनका लागि चालू आर्थिक वर्षको मौद्रिक नीतिले खुला बजार कारोबारलाई थप सक्रिय एवम् प्रभावकारी बनाउन निक्षेप बोलकबोल जस्तो नयाँ उपकरण समेत प्रयोगमा ल्याउनुका साथै तरलताको प्रकृतिका आधारमा खुला बजार कारोबार संचालन गर्ने व्यवस्था गरेको छ । यसबाट बैंकिङ्ग प्रणालीको अधिक तरलता व्यवस्थापन भएको छ । तर अल्पकालीन ब्याजदरहरु न्यून स्तरमै रहेकोले चालू आर्थिक वर्षको मौद्रिक नीतिको कार्यदिशालाई बाँकी अवधिको लागि पनि यथावत कायम राखिएको छ ।

१००. मूल्य स्थायित्व कायम राखी समष्टिगत आर्थिक स्थायित्व हासिल गर्ने मौद्रिक नीतिको मूलभूत उद्देश्य रहेतापनि विभिन्न आपूर्तिजन्य एवम् संरचनागत अवरोधका कारण मुद्रास्फीतिलाई अपेक्षित स्तरमा कायम राख्ने कार्य चुनौतीपूर्ण रहँदै आएको छ । यसका लागि माग पक्षबाट मुद्रास्फीतिमा थप दबाब पर्न नदिन मौद्रिक योगाङ्कहरुको विस्तारलाई वाञ्छित सीमाभित्र कायम राख्नेतर्फ मौद्रिक नीति केन्द्रित रहने छ ।

१०१. नेपाल राष्ट्र बैंकमा उल्लेख्य मात्रामा सरकारको बचत रहन गएकोले यसबाट अधिक तरलता प्रशोचन भएको छ । यो प्रवृत्ति चालू आर्थिक वर्षको बाँकी अवधिमा पनि कायमै रहने देखिएकोले मौद्रिक नीतिको कार्यदिशालाई परिवर्तन गर्नुपर्ने देखिदैन । त्यसैगरी, विप्रेषण आप्रवाहमा आउन सक्ने संकुचन तथा आयातको प्रवृत्तिका कारण वाह्य क्षेत्र स्थायित्व लगायत खाद्यान्नको मूल्यमार्फत् मुद्रास्फीतिमा आउन सक्ने सम्भावित जोखिम समेतलाई दृष्टिगत गरी चालू आर्थिक वर्षको बाँकी अवधिमा पनि मौद्रिक नीतिको केही कसिलो कार्यदिशालाई यथावत कायम राखिएको छ । तसर्थ, अनिवार्य नगद अनुपात र बैंकदरमा कुनै परिवर्तन गरिएको छैन । साथै, विद्यमान पुनरकर्जा दरहरुलाई समेत यथावत कायम राखिएको छ ।

१०२. मूल्य, वाह्य एवम् वित्तीय क्षेत्र स्थायित्व हासिल गर्ने मूलभूत उद्देश्यहरुमा प्रतिकूल असर नपर्ने गरी उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह विस्तारका माध्यमबाट लक्षित आर्थिक वृद्धिदर हासिल गर्न सहयोग पुऱ्याउने दिशामा मौद्रिक नीति केन्द्रित रहँदै आएको छ । यसका लागि बैंक तथा वित्तीय संस्थाहरुलाई उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाह विस्तार गर्न अभिप्रेरित गर्ने नीतिलाई चालू आर्थिक वर्षको बाँकी अवधिमा पनि यथावत कायम राखी उक्त कर्जा प्रवाहको प्रभावकारी अनुगमन गरिने छ । साथै, कर्जा प्रवाहको विस्तारबाट मौद्रिक योगाङ्कहरुमा आउने परिवर्तन एवम् कर्जाको क्षेत्रगत उपयोग स्थिति समेतलाई ध्यानमा राखी आवश्यक मौद्रिक उपकरणहरुको प्रयोग गरिने छ ।

१०३. मौद्रिक नीति कार्यान्वयनमा आएपछिको छ महिनासम्मको प्रमुख मौद्रिक परिसूचकहरुलाई हेर्दा खुद वैदेशिक सम्पत्तिको वृद्धि दरमा केही कमी आएतापनि निजी क्षेत्रतर्फको कर्जा प्रवाह उल्लेख्य रुपमा वृद्धि भएको र यसबाट मुद्राप्रदायमा पर्ने विस्तारकारी प्रभावलाई सरकारको उच्च नगद मौज्दातका कारण न्यूनीकरण गरेकोले मुद्राप्रदायको वृद्धिदर सामान्य रहेको छ । विगतको प्रवृतिलाई समेत हेर्दा आर्थिक वर्षको उत्तरार्द्धमा सरकारी खर्च बढ्ने गरेकोले त्यसबाट मौद्रिक योगाङ्कहरुको विस्तारमा पर्न सक्ने प्रभावलाई ध्यानमा राखी आवश्यक मौद्रिक व्यवस्थापन गरिने छ । यसका लागि नियमित तरलता अनुगमन गरी आवश्यकतानुसार खुला बजार कारोबार संचालन गरिने छ । अधिक तरलता व्यवस्थापनका लागि रिभर्स रिपोको अतिरिक्त निक्षेप बोलकबोल उपकरणको प्रयोगलाई निरन्तरता दिइने छ ।

१०४. वित्तीय स्थायित्वको माध्यमबाट आर्थिक विकास एवम् स्थायित्वमा योगदान पुऱ्याउन समग्र वित्तीय प्रणालीलाई सवल, सक्षम एवम् पारदर्शी बनाउन आवश्यक छ । यसका लागि बैंक तथा वित्तीय संस्थाहरुमा सुशासन अभिवृद्धि गर्नुका साथै यस बैंकको नियमन तथा सुपरिवेक्षकीय क्षमता विस्तार गर्दै लैजानुपर्ने देखिन्छ । वित्तीय स्थायित्व हासिल गर्न चालू आर्थिक वर्षको लागि अवलम्बन गरिएका नीतिहरुमध्ये कार्यान्वयन गर्न बाँकी रहेका नीतिहरुलाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।

१०५. वित्तीय समावेशीकरणका माध्यमबाट आर्थिक विकासमा सघाउ पुऱ्याउन दुर्गम क्षेत्र एवम् पिछडिएका वर्ग, जाति तथा समुदायहरुमा वित्तीय पहुँच विस्तार एवम् वित्तीय साक्षरता अभिवृद्धि गर्ने कार्यमा चालू आर्थिक वर्षको बाँकी अवधिमा पनि मौद्रिक नीतिको प्रयास जारी रहने छ ।

१०६. वित्तीय सेवालाई सर्वसुलभ, पारदर्शी एवम् गुणस्तरीय बनाउँदै वित्तीय ग्राहकहरुको हित तथा अधिकार संरक्षण गर्न तथा कृषि, जलविद्युत लगायतका उत्पादनशील क्षेत्रमा लगानी विस्तार गरी यस बैंकले तोकेको स्तरमा पुऱ्याउन बैंक तथा वित्तीय संस्थाहरुलाई अभिप्रेरित गर्नुका साथै सोको कार्यान्वयन स्थितिको प्रभावकारी अनुगमन गरिने छ ।

**अन्त्यमा,**

१०७. हाल मुलुकको समष्टिगत आर्थिक परिसूचकहरुको अवस्था सन्तोषप्रद रहेको छ । खासगरी कृषि क्षेत्रको उत्पादन वृद्धिदरमा संकुचन आउनुका साथै औद्योगिक क्षेत्रले पनि अपेक्षित गति लिन नसक्दा लक्षित आर्थिक वृद्धिदर हासिल गर्ने कार्य भने चुनौतीपूर्ण देखिन्छ । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा आएको उल्लेख्य गिरावटको कारण मूल्य स्थायित्व कायम गर्न तथा व्यापार घाटा कम गर्न सहयोग पुग्ने देखिन्छ ।

१०८. आर्थिक वर्ष २०७१/७२ को मौद्रिक नीति कार्यान्वयनमा आएपछिको छ महिनासम्मको उपलब्धि र बाँकी अवधिको कार्यान्वयनबाट मुद्रास्फीति अपेक्षित स्तरमा रहने, शोधनान्तर स्थिति सुदृढ हुँदै जाने र वित्तीय प्रणालीमा सुशासन एवम् नियमन तथा सुपरिवेक्षकीय क्षमता अभिवृद्धिका माध्यमबाट समग्र वित्तीय क्षेत्रको स्थायित्वमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ । साथै, मौद्रिक नीतिको सफल कार्यान्वयनबाट कृषि, जलविद्युत लयागतका उत्पादनशील क्षेत्रतर्फको लगानी विस्तार एवम् वित्तीय पहुँच तथा साक्षरता अभिवृद्धिका माध्यमबाट समावेशी आर्थिक विकासमा समेत सहयोग पुग्ने विश्वास लिइएको छ ।

१०९. चालू आर्थिक वर्षको मौद्रिक नीतिमा उल्लेखित नीति तथा कार्यक्रमहरुको छ महिनासम्मको प्रगति विस्तृत रुपमा संलग्न अनुसूचीको तालिकामा प्रस्तुत गरिएको छ । यसमा समावेश भएका नीतिगत व्यवस्था तथा कार्यक्रमहरुको कार्यान्वयनमा सबै सरोकारवालाहरुबाट प्राप्त सहयोगको लागि नेपाल राष्ट्र बैंक धन्यवाद ज्ञापन गर्न चाहन्छ । साथै, आगामी दिनमा पनि मौद्रिक नीतिको कार्यान्वयनमा सदाझैं सहयोग मिल्ने अपेक्षा यस बैंकले गरेको छ ।

## अनुसूची १ : आर्थिक वर्ष २०७१/७२ को मौद्रिक नीतिको लक्ष्य तथा कार्यक्रम कार्यान्वयन तालिका

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| १ | ४३ | आर्थिक वर्ष २०७१/७२ मा उपभोक्ता मुद्रास्फीति दरलाई वार्षिक औसत ८ प्रतिशतमा कायम राख्ने । | २०७१ पुससम्मको औसत मुद्रास्फीति दर ७.३ प्रतिशत रहेको । चालू आर्थिक वर्षमा वार्षिक औसत मुद्रास्फीति दर लक्ष्य कै हाराहारीमा रहने संशोधित अनुमान रहेको । |
| २ | ४३ | कम्तिमा ८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम गर्ने । | २०७१ पुस मसान्तमा विद्यमान विदेशी विनिमय संचितिले ९.८ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने अवस्था रहेको । चालू आर्थिक वर्षको अन्त्यमा विद्यमान विदेशी विनिमय संचितिले ९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने अनुमान रहेको । |
| ३ | ४३ | नेपाल सरकारको आ.व. २०७१/७२ को बजेट वक्तव्यमा उल्लिखित ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सघाउ पुऱ्याउन आवश्यक मौद्रिक तरलता व्यवस्थापन गर्ने । | २०७१ पुससम्ममा निजी क्षेत्रतर्फ प्रवाहित कर्जा विन्दुगत आधारमा २१.१ प्रतिशतले वृद्धि भएको । चालू आर्थिक वर्षको बाँकी अवधिमा समेत आर्थिक क्रियाकलापको लागि पर्याप्त तरलता रहने । |
| ४ | ४४ | विस्तृत मुद्राप्रदायको वृद्धिदरलाई १६ प्रतिशतको हाराहारीमा कायम राखिने । | २०७१ पुससम्ममा मुद्रा प्रदायको वृद्धिदर ५.८ प्रतिशत रहेको । चालू आर्थिक वर्षमा विस्तृत मुद्राप्रदायको वृद्धिदर १६ प्रतिशतकै हाराहारीमा रहने । |
| ५ | ४५ | आर्थिक वर्ष २०७१/७२ मा निजी क्षेत्रतर्फको कर्जा १८ प्रतिशतले बढ्ने प्रक्षेपण रहेको । | २०७१ पुससम्ममा कुल आन्तरिक कर्जा ५.६ प्रतिशतले बढेको । जसमध्ये नेपाल सरकारतर्फको खुद कर्जा ४२.३ प्रतिशतले घटेको तथा निजी क्षेत्रतर्फको कर्जा ११.५ प्रतिशतले बढेको । चालू आर्थिक वर्षमा कुल आन्तरिक कर्जा १९.५ प्रतिशतले र निजी क्षेत्रतर्फको कर्जा २० प्रतिशतले वृद्धि हुने संशोधित अनुमान रहेको । |
| ६ | ४८ | बैंक तथा वित्तीय संस्थाहरुले कायम गर्नुपर्ने विद्यमान अनिवार्य नगद अनुपातलाई "क" वर्गको लागि ६.० प्रतिशत, "ख" वर्गको लागि ५.० प्रतिशत र "ग" वर्गको लागि ४.० प्रतिशत कायम गर्ने । | २०७१ साउन ४ मा निर्देशन जारी गरी लागू गरिएको । |
| ७ | ५० | कृषि, जलविद्युत, पशुपंक्षी एवम् मत्स्यपालन व्यवसाय र तोकिएका अन्य उत्पादनशील क्षेत्रको लागि कायम रहेको पुनरकर्जा दर ५.० प्रतिशतबाट घटाएर ४.० प्रतिशत कायम गर्ने । | २०७१ साउन १५ मा निर्देशन जारी गरी लागू गरिएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ८ | ५१ | नेपाल सरकारको आर्थिक वर्ष २०७१/७२ बजेट वक्तव्यमा उल्लेख भए बमोजिम तोकिएका कृषि व्यवसायको लागि वाणिज्य बैंकहरुबाट ६.० प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गरिने तथा यस्तो कर्जा प्रवाहका लागि साधनको आवश्यकता भएमा नेपाल राष्ट्र बैंकबाट पुनरकर्जा उपलब्ध गराउने । | सबै वाणिज्य बैंकहरुलाई २०७१ कात्तिक १० मा निर्देशन जारी गरिएको । युवाहरुलाई व्यासायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि २०७१ अनुसार कर्जा प्रवाह गरी नेपाल सरकारबाट पाउनु पर्ने ब्याज अनुदान वापतको रकमलाई पूँजी कोष अनुपात गणना प्रयोजनको लागि सरकारमा रहेको दावी सरह शून्य प्रतिशत जोखिमभार प्रदान गर्न सकिने व्यवस्था गरिएको । |
| ९ | ५२ | "नेपाल राष्ट्र बैंक, खुला बजार कारोबार विनियमावली, २०७१" मा नयाँ व्यवस्था गरिएका (क) नियमित, (ख) आकस्मिक र (ग) संरचनात्मक खुला बजार कारोबारहरुलाई आवश्यकतानुसार क्रमशः कार्यान्वयनमा ल्याउने । | नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१ पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको । सोही विनियमावलीको आधारमा नियमित तथा आकस्मिक खुला बजार कारोबार कार्यान्वयनमा रहेको । |
| १० | ५३ | वित्तीय बजारमा देखिने साधारण प्रकृतिको न्यून/अधिक तरलतालाई व्यवस्थापन गर्न नियमित खुला बजार कारोबार सात दिनका लागि गर्ने । | प्रत्येक हप्ता बुधवार आवश्यकता अनुसार रिभर्स रिपो गर्ने गरिएको । चालू आर्थिक वर्षको पुस मसान्तसम्म रु. २६० अर्ब ५० करोड रिभर्स रिपो गरी सो बराबरको तरलता प्रशोचन गरिएको । |
| ११ | ५४ | आवश्यक परेमा हप्ताको कुनै पनि दिन आकस्मिक खुला बजार कारोबार (Fine Tuning Operation) गर्ने । यसको लागि रिपो/रिभर्स रिपो तथा बोलकबोलको माध्यमबाट ब्याज दिने गरी निक्षेप संकलन गर्ने उपकरणहरु प्रयोग गर्ने । | २०७१ भदौ महिनाबाट आकस्मिक खुला बजार कारोबार (Fine Tuning Operation) को रुपमा ३ महिना अवधिको निक्षेप संकलन बोलकबोल उपकरण प्रयोग गरी तरलता प्रशोचन शुरु गरिएको । चालू आर्थिक वर्षको पुस मसान्तसम्म यस उपकरण मार्फत रु. ७५ अर्बको निक्षेप संकलन गरिएको । |
| १२ | ५५ | संरचनात्मक खुला बजार कारोबारको लागि सोझै खरिद/बिक्री बोलकबोल र आवश्यकतानुसार बढीमा ६ महिनासम्मको लागि रिपो/रिभर्स रिपो बोलकबोल उपकरण प्रयोग गर्ने । आवश्यक परेको खण्डमा नेपाल राष्ट्र बैंक ऋणपत्र जारी गर्ने । | समीक्षा अवधिमा अधिक तरलताको स्थितिमा सुधार हुँदै गएकोले दीर्घकालिन प्रकृतिको संरचनात्मक खुला ब्यापार कारोबार आवश्यक नदेखिएको । |
| १३ | ५७ | सोझै बिक्री, सोझै खरिद, रिपो तथा रिभर्स रिपो बोलकबोल जस्ता खुला बजार कारोबार नेपाल सरकारको ट्रेजरी बिल, विकास ऋणपत्र, नेपाल राष्ट्र बैंक ऋणपत्र तथा यस बैंकले समय-समयमा तोकेका अन्य सुरक्षणपत्रहरुको आधारमा गर्ने । | उल्लेखित सुरक्षण पत्रहरुको आधारमा आवश्यकता अनुसार विभिन्न खुला बजार उपकरणहरुको प्रयोग गरिने व्यवस्था भए अनुसार हाल रिभर्स रिपोको कारोबार हुँदै आएको । |
| १४ | ५८ | यस बैंकको वासलातको आधारमा तयार गरिने तरलता अनुगमन तथा प्रक्षेपण संरचना प्रतिवेदन एवम् अन्य वित्तीय सूचकहरुले इङ्गित गर्ने बैंकिङ्ग क्षेत्रको समग्र तरलताको स्थितिलाई केन्द्र विन्दु बनाई खुला बजार कारोबार गर्ने । | नियमित रुपमा तरलता अनुगमन तथा प्रक्षेपण गरी खुला बजार कारोबार संचालन गर्ने गरिएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| १५ | ६० | सरकारी ऋणपत्रहरुको प्राथमिक तथा दोस्रो बजार कारोबारलाई थप व्यवस्थित गर्न ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली, २०६१ लाई परिमार्जन गरी स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेश गर्ने । | नेपाल सरकार, अर्थ मन्त्रालय अन्तर्गत ऋण व्यवस्थापन कार्यालय (DMO) स्थापना हुन लागेकोले उक्त कार्यालयको स्थापना भए पश्चात् यस नियमावलीलाई परिमार्जन गरिने । |
| १६ | ६० | ट्रेजरी विल्स र विकास ऋणपत्रहरुको बोलकबोलका लागि Online Bidding System को व्यवस्था गर्ने । | ट्रेजरी विल एवम् विकास ऋणपत्रहरु लगायत खुला बजारका उपकरणहरुको Online Bidding System Software मार्फत हाल परिक्षणको रुपमा बोलकबोल समानान्तर रुपमा गराउने गरिएको । यस सम्बन्धमा उपत्यकामा चारवटा तथा उपत्यका बाहिरका सबै क्षेत्रलाई समेट्ने गरी तीनवटा Online Bidding System सम्बन्धी तालिम संचालन गरिएको । |
| १७ | ६१ | शेयर बजारमा आउने अनपेक्षित उतार-चढावबाट वित्तीय स्थायित्वमा प्रतिकूल प्रभाव पर्नसक्ने सम्भावनालाई ध्यानमा राखी शेयरको धितोमा प्रवाह हुने कर्जालाई थप व्यवस्थित गर्ने । | २०७१ भदौ ४ र ७ मा निर्देशन जारी गरिएको । बैंक तथा वित्तीय संस्थाहरुले Held for Trading आफ्नो प्राथमिक पूँजीको १ प्रतिशतसम्म मात्र कर्जा लगानी गर्न सक्ने । यदि यो भन्दा बढी प्राथमिकता लगानी गरेको भए २०७२ असारसम्ममा निर्धारित सीमाभित्र ल्याउनु पर्ने व्यवस्था गरिएको । |
| १८ | ६२ | हाल बैंकिङ्ग क्षेत्रमा उच्च तरलताको अवस्था विद्यमान रहेको सन्दर्भमा तरलता व्यवस्थापनमा सहयोग पुऱ्याउने हेतुले विदेशी मुद्रा कारोबार गर्न अनुमतिप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो विदेशी मुद्रा संचितिको निश्चित अंश विदेशी वित्तीय उपकरणमा लगानी गर्न पाउने व्यवस्था गर्ने । | २०७१ भदौ ५ मा निर्देशन जारी गरिएको । यसले गर्दा बैंकहरुको विदेशमा राखेको परिवर्त्य विदेशी मुद्रामा रहेको रकम २०७१ असारको तुलनामा २६.६ प्रतिशतले बढेर २०७१ माघ २ गते १०७ अर्ब ७ करोड पुगेको छ । |
| १९ | ६३ | वाणिज्य बैंकहरुले आफ्नो विदेशी विनिमय संचितिको मौज्दातबाट आफ्नो दैनिक तरलतामा प्रतिकूल असर नपर्ने गरी उक्त मौज्दातमा रहेको रकमको बढीमा ४० प्रतिशतसम्म २ वर्ष अवधिसम्मको कल डिपोजिट, सर्टिफिकेट अफ डिपोजिट वा यस्तै अन्य सुरक्षित उपकरणहरुमा लगानी गर्नसक्ने व्यवस्था मिलाउने । | २०७१ भदौ ५ मा निर्देशन जारी गरिएको । |
| २० | ६४ | आर्थिक वर्ष २०७१/७२ मा वित्तीय क्षेत्र विकास रणनीति तयार पारी कार्यान्वयन शुरु गर्ने । | वित्तीय क्षेत्र विकास रणनीतिको तर्जुमा अन्तिम चरणमा रहेको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| २१ | ६५ | Payment System Development Strategy जारी भएपछि RTGS कार्यान्वयनमा आउने गरी आवश्यक व्यवस्था मिलाउने । साथै, भुक्तानी तथा फछ्र्यौट ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याउने । | Payment & Settlement सम्बन्धी छुट्टै महाशाखा गठन भई कार्य अघि बढिरहेको । |
| २२ | ६८ | नेपाल राष्ट्र बैंकको व्यवस्थापनमा रही संरचनागत सुधारको क्रममा रहेको नेपाल बैंक लिमिटेडको पूँजीकोषलाई आर्थिक वर्ष २०७१/७२ मा तोकिएको अनुपातमा कायम हुने गरी सो बैंकलाई नेपाल राष्ट्र बैंकको व्यवस्थापन नियन्त्रणबाट हटाउने । | नेपाल राष्ट्र बैंकबाट नेपाल बैंक लिमिटेडको व्यवस्थापन हस्तान्तरण गरिएको र चालू आर्थिक वर्षको अन्तसम्ममा आवश्यक पूँजीकोष पूरा गरिने । |
| २३ | ६९ | द्वन्द्वका बेला बन्द गरिएका बैंकका शाखाहरु यसै आर्थिक वर्षको अन्त्यसम्ममा पुनर्स्थापना गर्न व्यवस्था गर्ने । | तीनवटै बैंकहरुबाट कार्य योजना प्राप्त भइसकेको । २०७१ पुस मसान्तसम्ममा कृषि विकास बैंकका ५२ शाखाहरु पुनर्स्थापना भइसकेको, १५ वटा पुनर्स्थापना हुने क्रममा रहेको, राष्ट्रिय वाणिज्य बैंकका ४५ शाखा पुनर्स्थापना भइसकेको र ५२ शाखा पुनर्स्थापना हुने क्रममा रहेको तथा नेपाल बैंक लिमिटेडका २३ शाखा पुनर्स्थापना भइसकेको र ९७ शाखा पुनर्स्थापना हुन बाँकी रहेको । |
| २४ | ७० | वित्तीय समावेशीकरण एवम् वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्न यस बैंकले अघि सारेका कार्यक्रमहरुसँगै बैंक तथा वित्तीय संस्थाका ग्रामीण शाखाहरुलाई समेत वित्तीय साक्षरता एवम् सचेतना अभिवृद्धि गर्ने कार्यमा प्रोत्साहित गर्ने । | Child & Youth Finance International को अनुरोधमा बैंक तथा वित्तीय संस्थाको सहभागितामा नेपालमा Global Money Week मनाइएको । साथै, उक्त कार्यक्रममा विद्यार्थीहरुको सहभागितामा १ दिने ऱ्याली समेतको आयोजना गरिएको । वित्तीय चेतनामूलक पाठ्य सामग्रीहरु विद्यालयस्तरको पाठ्यक्रममा राख्ने कार्यको लागि पहल भइरहेको । लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागसँगको समन्वयमा IOM Development Fund द्वारा प्रकाशित विप्रेषण सम्बन्धी निर्देशिका २०७१ तयार भएको । वित्तीय साक्षरता सम्बन्धी तयार भएको “पैसाको बोट” नामक पुस्तिका वितरण गर्ने कार्य भइरहेको । |
| २५ | ७१ | बैंक तथा वित्तीय संस्थाहरुले यस बैंकले तोकेका मापदण्डहरु पूरा गरेको अवस्थामा नयाँ शाखा खोल्ने, शाखा मर्ज गर्ने तथा स्थानान्तरण गर्ने प्रक्रियालाई सरलीकरण गर्ने । | तोकेका मापदण्डहरु पूरा गरेको अवस्थामा नयाँ शाखा खोल्ने, शाखा मर्ज गर्ने तथा स्थानान्तरण गर्ने प्रक्रियालाई सरलीकरण गर्ने काम भइरहेको । |
| २६ | ७२ | बैंक तथा वित्तीय संस्थाहरुका संस्थापकहरुको विभिन्न समूहमा वर्गीकरण हुने व्यवस्थाको अन्त्य गरी सबै संस्थापकहरुलाई एकै समूहमा रहने व्यवस्था गर्ने । | २०७१ असोज ७ मा निर्देशन जारी गरिएको । यस सम्बन्धी व्यवस्था नभएको भए आगामी साधारण सभाले सो सम्बन्धी प्रस्ताव पारित गरी प्रबन्धपत्र तथा नियमावली संशोधन गर्नु पर्ने । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| २७ | ७३ | २०७३ असार मसान्तसम्ममा विकास बैंक र वित्त कम्पनीहरुले समेत तोकिएका उत्पादनशील क्षेत्रमा कुल कर्जाको क्रमशः १५ प्रतिशत र १० प्रतिशत पुऱ्याउने गरी यस बैंकमा पेश गरेको कार्ययोजना कार्यान्वयन गराउन यस्तो कर्जा तोकिए बमोजिमको अनुपातमा पुऱ्याउने व्यवस्था गर्ने । | हाल संचालनमा रहेका ८१ वटा विकास बैंकहरुले तोकिएको उत्पादनशील क्षेत्रमा प्रवाह गरेको कर्जाको अनुगमन कार्य २०७१ असोजदेखि थालनी भएको । यस अवधिमा समग्र विकास बैंक समूहबाट उक्त क्षेत्रमा कुल कर्जाको १४.४ प्रतिशत कर्जा प्रवाह भएको । |
| २८ | ७६ | वाणिज्य बैंकहरुको लागि बासेल-३ मा आधारित तरलता अनुगमन पद्धति लागू गर्न आवश्यक निर्देशन जारी गर्नुको साथै तरलताका आधारमा समेत शीघ्र सुधारात्मक कारबाही (Prompt Corrective Action) लागू गर्ने । | बासल-३ Framework को मस्यौदा तयार भई कार्यन्वयनको अन्तिम चरणमा पुगेको । |
| २९ | ७९ | विद्यमान विनिमेय अधिकारपत्र ऐन, २०३४ मा समसामयिक संशोधनको लागि सोको मस्यौदा व्यवस्थापिका संसदमा पेश गर्नका लागि नेपाल सरकार समक्ष पेश गर्ने । | विनिमेय अधिकार पत्र ऐन, २०३४ मा समसामायिक संशोधनका लागि यस वैंकको व्यस्थापन समितिले गठन गरेको संशोधन समितिमा छलफल भई उक्त मस्यौदा व्यवस्थापन समितिमा पेश गर्ने क्रममा रहेको । |
| ३० | ८० | वित्तीय सेवाका ग्राहक संरक्षण सम्बन्धी आवश्यक नीतिगत व्यवस्था तर्जुमा गर्न वित्तीय सेवाका ग्राहक संरक्षण तथा वित्तीय साक्षरता सम्बन्धी व्यवस्थाको मस्यौदा तयार गरी सरोकारवालाको राय-सुझावका आधारमा वित्तीय सेवाका ग्राहक संरक्षणको व्यवस्था गर्ने । | २०७१ पुस ११ मा निर्देशन जारी गरिएको । यस व्यवस्था अनुसार इजाजतपत्र प्राप्त संस्थाले आफूले प्रदान गर्ने वित्तीय सेवा, सबै प्रकारका खाता एवम् कर्जा र वित्तीय उपकरण सम्बन्धी जानकारीको संक्षिप्त विवरण/पुस्तिका तयार गरी ग्राहक एवम् सर्वसाधारणलाई उपलब्ध गराउनु पर्ने । |
| ३१ | ८२ | आर्थिक वर्ष २०७२/७३ सम्ममा सबै वाणिज्य बैंकहरुमा पूर्ण रुपमा जोखिममा आधारित सुपरिवेक्षण विधि लागू गर्ने । गैर-स्थलगत सुपरिवेक्षणलाई जोखिममा आधारित पद्धति (Risk Based Supervision Approach) अनुरुप गर्न आवश्यक सूचना प्रणालीलाई प्रभावकारी बनाउन सुपरिवेक्षकीय व्यवस्थापन सूचना प्रणाली (Supervisory Management Information System) स्थापना गर्ने कार्य अघि बढाइने र बैंक तथा वित्तीय संस्थाहरुको Consolidated Supervision गर्न आवश्यक व्यवस्था गर्ने । | Risk Based Supervision Onsite Manual तयार भइसकेको र हालसम्ममा कुल ४ वटा बैंकहरुको जोखिममा आधारित निरीक्षण भइसकेको । साथै Risk Based Supervision Offsite Manual तयार पारिँदै । |
| ३२ | ८३ | बैंकहरुमा जोखिम व्यवस्थापन प्रणाली सुदृढ बनाउन जोखिम व्यवस्थापन सम्बन्धमा निर्देशन जारी गर्ने । | जोखिम व्यवस्थापन सम्बन्धी मार्गदर्शन कार्यान्वयनमा रहेको र आवश्यकता अनुसार नियमित रुपमा सुधार गर्दै लैजाने । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ३३ | ८४ | वाणिज्य बैंकहरुबाट चालू पूँजीको लागि कर्जा प्रवाह गर्ने पद्धतिलाई सुधार गरी निश्चित मापदण्डका आधारमा त्यस्तो कर्जा प्रवाह गर्ने व्यवस्था गर्ने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा सुपरिवेक्षण विभागहरुको समेत प्रतिनिधित्व हुने गरी कार्यदल गठन गरी आवश्यक नीतिगत व्यवस्थाको मस्यौदा तयार हुँदै गरेको । |
| ३४ | ८५ | कुनै पनि संस्थामा अध्यक्ष, संचालक, प्रबन्ध संचालक, प्रमुख कार्यकारी अधिकृत समेतका पदाधिकारीहरु लगातार दुई पटकभन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन नसक्ने व्यवस्था बैंकहरु आफैले गरी आर्थिक वर्ष २०७१/७२ भित्र यस बैंकलाई जानकारी गराउनु पर्ने व्यवस्था गर्ने । | नियमन समितिको सिफारिश सहितको प्रस्ताव व्यवस्थापन समितिमा पेश भई छलफलको क्रममा रहेको । |
| ३५ | ८६ | बैंकका लगानीकर्ता/संस्थापक र व्यवसायी/ऋणी बीचको भिन्नता कायम गरी वित्तीय सुशासन कायम गर्ने क्रममा कुनै बैंक तथा वित्तीय संस्थाको संचालक तथा प्रमुख कार्यकारी अधिकृतले आफ्नो अधिकांश स्वामित्वको कम्पनी/फर्मको लागि बैंक कर्जा लिन नपाउने व्यवस्था गर्ने । | नियमन समितिको सिफारिश सहितको प्रस्ताव व्यवस्थापन समितिमा पेश भई छलफलको क्रममा रहेको । |
| ३६ | ८७ | बैंक तथा वित्तीय संस्थाका उच्च व्यवस्थापन र संचालकबीच नियन्त्रण र सन्तुलन कायम हुन सकोस् र उच्च व्यवस्थापनमा रहेका कर्मचारी/पदाधिकारीहरुले संस्थालाई पूर्णकालीन सेवा दिन सकुन् भन्ने आशयले आफू कार्यरत संस्थाको चुक्ता पूँजीको एक निश्चित प्रतिशतभन्दा बढी शेयर स्वामित्व हुने व्यक्ति उक्त संस्थाको कार्यकारी पदमा रहन नसक्ने व्यवस्था गर्ने । | नियमन समितिको सिफारिश सहितको प्रस्ताव व्यवस्थापन समितिमा पेश भई छलफलको क्रममा रहेको । |
| ३७ | ८८ | वित्तीय क्षेत्रका संस्थाहरुमा सन् २०१७ सम्ममा International Financial Reporting Standard (IFRS) पूर्ण रुपमा लागू गरिने । | NFRS Guideline बैंक तथा वित्तीय संस्थाहरुका लागि जारी गरी लागू गर्न कार्यतालिका माग गरिसकिएको । |
| ३८ | ८९ | संस्थागत ऋणीहरुलाई कर्जा प्रदान गर्दा ऋणीहरुको वास्तविक वित्तीय स्थितिको आधारमा मात्र कर्जा स्वीकृति एवम् प्रवाह गर्नुपर्ने व्यवस्था गर्ने । | नियमन समितिको निर्णयानुसार बैंक सुपरिवेक्षण विभाग अन्तर्गत कार्यदल गठन भई निर्देशनको मस्यौदा तयार भइरहेको । |
| ३९ | ९० | वाणिज्य बैंकका अतिरिक्त विकास बैंक, वित्त कम्पनी र लघुवित्त संस्थाहरुले समेत कर्जा तथा निक्षेपबीचको ब्याजदर अन्तर र आधार ब्याजदर मासिक रुपमा अनुगमन गर्ने व्यवस्था गर्ने । उक्त ब्याजदर अन्तर र आधार ब्याजदरलाई नियमित रुपमा अनुगमन गर्ने । | वाणिज्य बैंकका अतिरिक्त विकास बैंक र वित्त कम्पनीको कर्जा तथा निक्षेपबीचको ब्याजदर अन्तर र आधार ब्याजदर मासिक रुपमा Reporting गर्ने व्यवस्था एकीकृत निर्देशनमा गरिएको । लघुवित्तका सन्दर्भमा उक्त व्यवस्था लागू गर्ने सम्वन्धमा छलफल भइरहेको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ४० | ९१ | "क", "ख" र "ग" वर्गका संस्थाहरुलाई तोकिएको न्यूनतम चुक्ता पूँजी पुऱ्याउन २०७१ असार मसान्तसम्म समय सीमा दिइएकोमा सो अवधिभित्र तोकिएको चुक्ता पूँजी पुऱ्याउन नसकेका बैंक तथा वित्तीय संस्थाहरुलाई शाखा विस्तार तथा नगद लाभांश वितरणमा रोक लगाउने । साथै, निक्षेप संकलन तथा कर्जा लगानीमा निश्चित सीमा तोक्ने । | २०७१ साउन ३० मा निर्देशन जारी गरिएको । २०७१ असार सम्म तोकिएका न्यूनतम चुक्ता पूँजी पूरा नगर्ने बैंक तथा वित्तीय संस्थालाई नगद लाभांश र शाखा विस्तार गर्न रोक लगाइएको । साथै, २०७१ भदौ मसान्तमा कायम हुने निक्षेपको ५ प्रतिशत भन्दा बढी निक्षेप संकलन गर्न र सो समयमा रहेको कुल कर्जा भन्दा बढी हुने गरी कर्जा प्रवाह गर्न रोक लगाइएको । |
| ४१ | ९३ | वित्तीय जानकारी इकाइको क्षमता अभिवृद्धि गर्न goAML Software प्रयोगमा ल्याउने र सम्पत्ति शुद्धीकरण निवारण ऐनमा व्यवस्था भए बमोजिम इकाइ सम्बन्धी विनियमावली तर्जुमा गरी लागू गरिने । | Software Install भई प्रयोगमा ल्याउन Customization भइरहेको । सम्पत्ति शुद्धीकरण निवारण ऐनमा व्यवस्था भए बमोजिम इकाइ सम्बन्धी विनियमावलीको मस्यौदा तयार भई छलफलको चरणमा रहेको । |
| ४२ | ९४ | घरेलु तथा साना व्यवसायहरुको विकासका लागि यस क्षेत्रमा कर्जा प्रवाह वृद्धि गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई प्रोत्साहित गर्ने । | २०७१ भदौ ९ मा निर्देशन जारी गरिएको । |
| ४३ | ९४ | यस क्षेत्रमा प्रवाह हुने कर्जाको सुरक्षण/बीमा व्यवस्थालाई बढी लचिलो र प्रभावकारी तुल्याउन सुरक्षण सीमा, सुरक्षण शुल्क र यस्तो कर्जाको लागि जोखिम व्यवस्थामा थप छुट दिन आवश्यक व्यवस्था गर्ने । साथै, वाणिज्य बैंकहरुमा रहेका SME Desk लाई Proactive तुल्याई यस क्षेत्रमा सेवा प्रवाहलाई प्रभावकारी तुल्याइने । | कर्जाको सुरक्षण सीमा, सुरक्षण शुल्क र यस्तो कर्जाको लागि जोखिम व्यवस्थामा थप छुट दिन व्यवस्थापन समितिमा छलफल भई निक्षेप तथा कर्जा सुरक्षण निगमसँग समन्वय गर्ने गरी आवश्यक व्यवस्था गरिँदै । |
| ४४ | ९५ | घरेलु तथा साना व्यवसायहरुलाई प्रोत्साहन गर्न संचालन भइरहेका व्यवसायलाई वार्षिक कारोबारको सामर्थ्यका आधारमा रु. १० लाखसम्म र नयाँ व्यवसाय खोल्न रु. ५ लाखसम्म बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा प्रवाह हुने व्यवस्था गर्ने । | २०७१ भदौ ९ मा व्यक्तिगत/संस्थागत जमानीमा कर्जा प्रवाह सम्बन्धी निर्देशन जारी गरिएको । |
| ४५ | ९६ | नेपाल सरकारले आर्थिक वर्ष २०७१/७२ को बजेटमार्फत् नवीन विचार भएका तर लगानीयोग्य पूँजी स्रोत नभएका साना तथा मध्यम व्यवसायी, आविष्कारकर्ता तथा उद्यमीहरुलाई शुरु पूँजी उपलब्ध गराई प्रोत्साहन गर्न एक कोष (Start Up Fund) खडा गर्ने व्यवस्था गरेको सन्दर्भमा उक्त कोषबाट शुरु पूँजी प्राप्त गरी संचालन गरिने उद्यम व्यवसायहरुलाई बैंक तथा वित्तीय संस्थाहरुबाट आवश्यकतानुसार कर्जा उपलब्ध गराउने व्यवस्था गर्ने । | नेपाल सरकारबाट Start Up Fund गठन हुँन बाँकी रहेको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ४६ | ९७ | बैंक तथा वित्तीय संस्था नभएका स्थानमा लघुवित्त संस्थाहरुबाट स्वीकारयोग्य धितो लिई समूहमा आबद्ध भएका तथा नभएका सबैलाई लघुउद्यम सञ्चालन गर्न रु. ५ लाखसम्म कर्जा प्रदान गर्ने व्यवस्था गर्ने । | २०७१ असोज ७ मा निर्देशन जारी गरिएको । |
| ४७ | ९८ | बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति कम भई वित्तीय पहुँचको अवस्था कमजोर रहेका क्षेत्रमा अवस्थित सहकारी संस्थाहरुलाई परिचालन गरी ग्रामीण स्वावलम्बन कोषबाट थोक कर्जा प्रवाहमा प्राथमिकता दिने । | ग्रामीण स्वावलम्बन कोष सञ्चालक समितिको मिति २०७१/९/३ मा बसेको २५५ औं बैठकबाट काठमाडौं उपत्यकास्थित महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका बाहेकका क्षेत्रका नगरपालिकामा अवस्थित सहकारी संस्थाहरुलाई समेत कर्जा प्रदान गर्न सकिने व्यवस्था गरिएको । साथै अपाङ्गता भएका व्यक्तिहरुद्धारा सञ्चालित सहकारी संस्थाहरुलाई कर्जा लगानी गर्दा ग्रामीण क्षेत्रमा नै कार्यालय खोली कार्यरत रहनु पर्ने अनिवार्यतालाई हटाइएको । |
| ४८ | ९८ | लघुवित्त संस्थाहरुलाई पनि आवश्यक परेको खण्डमा ग्रामीण स्वावलम्बन कोषबाट थोक कर्जा प्रवाह गर्ने । | ग्रामीण स्वावलम्बन कोष समितिमा प्रस्ताव पेश गर्ने प्रक्रियामा रहेको । |
| ४९ | ९९ (क) | यस बैंकबाट वित्तीय मध्यस्थताको कारोबार गर्न अनुमति प्राप्त गरेका गैर-सरकारी संस्थाहरुलाई तोकिएको प्रक्रिया पूरा गरी २०७२ असार मसान्तसम्ममा "घ" वर्गको लघुवित्त संस्थामा परिणत भइसक्ने निर्देशन दिने । | २०७१ पुस ३ मा बसेको संचालक समितिको बैठकबाट ईजाजतपत्र पुनरावलोकन गर्ने निर्णय गरिएको । |
| ५० | ९९ (ख) | यस प्रक्रियालाई प्रोत्साहित गर्न त्यस्तो संस्थामा रहने संस्थागत संस्थापक शेयर स्वामित्वको सीमा २५ प्रतिशतबाट बढाएर ५१ प्रतिशत गर्ने । | २०७१ पुस ३ मा बसेको संचालक समितिको बैठकबाट ईजाजतपत्र पुनरावलोकन गर्ने निर्णय गरिएको । |
| ५१ | १०० | वित्तीय पहुँच नपुगेका तोकिएका जिल्लाहरु बाहेक अन्य जिल्लाहरुमा स्थापना हुने लघुवित्त संस्थाहरुको लागि चाहिने चुक्ता पूँजी आर्थिक वर्ष २०७१/७२ देखि वृद्धि गर्नुपर्ने व्यवस्था गर्ने । | Mapping गर्ने कार्य अगाडी बढाइएको । |
| ५२ | १०१ | वित्तीय सेवाको पहुँच कम रहेका तोकिएका जिल्लाहरुमा "घ" वर्गका लघुवित्त संस्थाहरुले नयाँ शाखा खोल्दा यस बैंकबाट निश्चित अवधिको लागि शून्य ब्याजदरमा उपलब्ध गराइने सापटी रु. २० लाखबाट बढाई रु. ३० लाखसम्म कायम गर्ने । | २०७१ साउन ३० मा निर्देशन जारी गरिएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ५३ | १०२ | बैंक तथा वित्तीय संस्थाबाट विगत दुई वर्षदेखि विपन्न वर्ग कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यलाई सामूहिक जमानीमा प्रदान गरिने कर्जाको सीमा रु. १ लाख ५० हजारबाट वृद्धि गरी रु. २ लाख पुऱ्याइने छ भने धितो लिई प्रदान गरिने लघुउद्यम कर्जाको सीमा रु. ४ लाखबाट वृद्धि गरी रु. ५ लाख कायम गर्ने । | २०७१ साउन ३० मा निर्देशन जारी गरिएको । |
| ५४ | १०३ | बैंक तथा वित्तीय संस्थाहरुबाट महिलाहरुद्वारा प्रवर्द्धित लघुउद्यमको लागि सम्बन्धित परियोजना धितोमा प्रवाह हुने रु. ७ लाखसम्मको परियोजना कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्ने । साथै, यस्तो कर्जा सुरक्षण गराउने व्यवस्था मिलाउने । | २०७१ साउन ३० मा निर्देशन जारी गरिएको । |
| ५५ | १०५ | सर्वसाधारण जनतामा वित्तीय पहुँच विस्तार गर्न र वित्तीय उपकरणहरुको प्रभावकारी उपयोग गर्न वित्तीय साक्षरता रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने । | वित्तीय साक्षरता विकास रणनीति तर्जुमा गर्न वित्तीय साक्षरतासँग सम्बन्धित सरोकारवालाहरुसँग आवश्यक पृष्ठपोषण प्राप्तिको लागि १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी प्राप्त सुझावहरु समेत समेटेर उक्त नीतिको अन्तिम प्रारुप तयार गर्ने कार्य भइरहेको । |
| ५६ | १०५ | विद्यार्थीसँग नेपाल राष्ट्र बैंक, साक्षरता सम्बन्धी सामग्री, अन्य जनचेतनामूलक कार्यक्रम, अन्तरक्रिया र सूचना एवम् संचारलाई प्रभावकारी ढंगबाट उपयोग गर्ने । | यस सम्बन्धी कार्यक्रमहरु संचालन भइरहेको । |
| ५७ | १०६ | लघुवित्त संस्थाहरुलाई क्रमशः कर्जा सूचना केन्द्रसँग आवद्ध गर्ने व्यवस्था गर्ने । | नियमन समितिमा छलफल भई सम्बन्धित सरोकारवालाहरुसँग छलफल गरी निर्देशनको मस्यौदा तयार हुने क्रममा रहेको । |
| ५८ | १०७ | मर्जर भई स्थापना भएको नेपाल ग्रामीण विकास बैंकलाई व्यवसायिक रुपमा संचालन गर्दै संस्थागत सुदृढीकरण गर्नको लागि आवश्यक व्यवस्था मिलाउने । | यसको लागि व्यावसायिक योजना तयार भएको । |
| ५९ | १०८ | बचत तथा ऋण सहकारी संस्थाहरुलाई बलियो सुपरिवेक्षकीय दायराभित्र ल्याई वित्तीय स्थायित्व कायम गर्नका लागि नियामक निकायलाई आवश्यक सहयोग पुऱ्याउन सहकार्य गर्ने । | यस सम्बन्धमा बैंकर्श प्रशिक्षण केन्द्रद्वारा तालिम प्रदान गरिएको । |
| ६० | १०९ | विश्व वित्तीय बजारसँग एकीकृत हुँदै गएको राष्ट्रिय अर्थतन्त्रमा पूँजी खाता परिवर्त्यताका व्यवस्थाहरु समयानुकूल बनाउन विदेशी विनिमय नियमित गर्ने ऐन र विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐनको संशोधनका लागि प्रस्तावको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने । | ऐनको शंसोधन मस्यौदालाई अन्तिम रुप दिने काम भइरहेको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ६१ | ११० | सुन आयात तथा बिक्री वितरण प्रणालीलाई बजारको अवस्था अनुरुप समय सापेक्ष परिवर्तन गर्दै लैजाने । | यस सम्बन्धमा सुन व्यवसायी संघहरुसँग छलफल भइरहेको । |
| ६२ | ११० | सुन-चाँदी व्यवसायहरुलाई चाहिने कच्चा पदार्थ आपूर्तिलाई सहज गर्नको लागि विद्यमान व्यवस्थालाई परिमार्जन गर्ने । | यस सम्बन्धमा सुन व्यवसायी संघहरुसँग छलफल भइरहेको । |
| ६३ | ११० | सानो मात्रामा पनि सुन खरिद गर्न सकिने र काठमाडौं उपत्यका बाहिर पनि वाणिज्य बैंकहरुले सुन बिक्री गर्नसक्ने व्यवस्था गर्ने । | यस सम्बन्धमा सुन व्यवसायी संघहरुसँग छलफल भइरहेको । |
| ६४ | १११ | परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट आयात गर्न पाइने वस्तुहरुको सूचीमा आवश्यकताका आधारमा वस्तुहरु थप गर्दै लैजाने नीतिलाई निरन्तरता दिने । | आवश्यकताको आधारमा थप गरिने । हालसम्म १६१ वटा वस्तुहरु यस व्यवस्था बमोजिम आयात गर्न सकिने । |
| ६५ | ११२ | विदेशस्थित अस्पतालमा गई औषधोपचार गराउन र आवश्यक औषधि खरिद गर्ने प्रयोजनको लागि नेपाली नागरिकहरुलाई तोकिएको मापदण्ड पूरा गरेको खण्डमा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले वार्षिक अमेरिकी डलर १० हजारसम्म पाउने गरी सटही सुविधा प्रदान गर्नसक्ने व्यवस्था गर्ने । | २०७१ साउन १९ मा निर्देशन जारी गरिएको । |
| ६६ | ११३ | चीनसँगको व्यापारमा अभिवृद्धि भएसँगै व्यापार नाकाहरु विस्तार हुँदै गएको परिप्रेक्ष्यमा नेपालको रसुवागढी भन्सार विन्दु भई एल.सी. मार्फत् पनि सामान आयात गर्नसक्ने व्यवस्था मिलाउने । | २०७१ पुस २४ मा निर्देशन जारी गरिएको । |
| ६७ | ११४ | नेपाली ट्राभल/टुर्स कम्पनीहरुले नेपाली नागरिकलाई विदेश भ्रमणका लागि कम्पनी आफैले वा विदेशी एजेन्सीसँग सहकार्य गरी विभिन्न टूर प्याकेज सम्बन्धी सेवा बिक्री गरेमा विजक (Invoice) बमोजिम निश्चित रकमसम्म ट्राभल कम्पनीलाई सटही सुविधा दिने व्यवस्था मिलाउने । | २०७१ भदौ ४ मा निर्देशन जारी गरिएको । |
| ६८ | ११५ | भारतबाट मेशिनरी तथा औजारहरु भाडामा ल्याउँदा भुक्तानी गर्नुपर्ने भाडा रकम भा.रु. १० लाखसम्म तोकिएको मापदण्ड अनुरुप वाणिज्य बैंकहरुबाटै सटही सुविधा दिनसक्ने व्यवस्था गर्ने । | २०७१ भदौ ४ मा निर्देशन जारी गरिएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ६९ | ११६ | नेपाली नागरिकहरुले आफ्नो पहिचान खुल्ने प्रमाण सहित आफूसँग रहेको नगद परिवर्त्य विदेशी मुद्रा सटहीको लागि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा अनुरोध गरेमा एक पटकमा अमेरिकी डलर १००० वा सो बराबर हुने अन्य परिवर्त्य विदेशी मुद्रा इजाजतपत्र प्राप्त संस्थाले सटही (खरीद) गर्ने सीमालाई वृद्धि गरी अमेरिकी डलर ३००० सम्म पुऱ्याउने । | २०७१ साउन १९ मा निर्देशन जारी गरिएको । |
| ७० | ११७ | नेपालका संघ-संस्था तथा कम्पनीहरुले भारतबाट अमेरिकी डलरमा भुक्तानी हुनेगरी Software खरिद गर्दा निश्चित रकमसम्मको Software एल.सी. मार्फत् आयात गर्न पाउने व्यवस्था गर्ने । | २०७१ असोज २६ मा निर्देशन जारी गरिएको । |
| ७१ | ११८ | भारतबाट भित्रिने विप्रेषण प्रणालीमा रहेका विद्यमान कठिनाइहरु कुटनैतिक तथा केन्द्रीय बैंकको तहमा समाधान गर्दै भारतबाट विप्रेषण भित्र्याउने कार्यलाई सरल र सहज बनाउने । | यस बैंक र भारतीय रिजर्भ बैंकबीच एवम् सरकारीस्तरमा छलफल भइरहेको । |
| ७२ | ११९ | विदेशबाट नेपालमा विभिन्न सेवाहरुको भुक्तानी गर्ने प्रयोजनका लागि Online भुक्तानीको प्रचलन बढ्दै गएको सन्दर्भमा सो कारोबारलाई व्यवस्थित गर्न उपयुक्त नीति बनाई लागू गर्ने । त्यसैगरी, विदेशी वस्तु वा सेवा Online Purchase गर्ने सुविधा पुऱ्याउने हेतुले डेबिट र क्रेडिट कार्ड जारी गर्ने व्यवस्थालाई खुकुलो गर्नुका साथै वार्षिक २,००० अमेरिकी डलरसम्मको यस्तो खरिद Online मार्फत् गर्न सक्ने व्यवस्था मिलाउने । | २०७१ भदौ २४ मा निर्देशन जारी गरिएको । |
| ७३ | १२० | नेपाली वायुसेवा कम्पनीहरुले हवाई जहाजका इन्जिन तथा पार्टपूर्जा जस्ता सामान विदेशबाट आयात वा मर्मत गरी ल्याउने अवस्थामा सम्बन्धित नियमनकारी निकायको सिफारिसको आधारमा अमेरिकी डलर १ लाखसम्म वाणिज्य बैंकहरुमार्फत् अग्रीम भुक्तानी पठाउन सक्ने व्यवस्था मिलाउने । | २०७१ साउन १९ मा निर्देशन जारी गरिएको । |
| ७४ | १२१ | दूरसञ्चार सम्बन्धी सेवा प्रदायक नेपाली कम्पनीहरुले विदेशी कम्पनीहरुसँग सम्झौता गरी सेटेलाइट सेवा भाडामा लिने वा प्रयोग गर्ने गरेको अवस्थामा सम्बन्धित नियमनकारी निकायको सिफारिसमा वार्षिक अमेरिकी डलर १ लाखसम्मको भाडा भुक्तानी वाणिज्य बैंकहरुमार्फत् गर्न सकिने व्यवस्था गर्ने । | २०७१ साउन १९ मा निर्देशन जारी गरिएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ७५ | १२२ | नेपालमा कार्यरत INGO हरुले नेपालमा रहेका कार्यालयमार्फत् विदेशी मुद्रा प्राप्त गरी नेपाल लगायत अन्य मुलुकका लागि पनि कार्यक्रम संचालन गरेको अवस्थामा विदेशी मुद्रा नेपाल भित्रिएको प्रमाणका आधारमा नेपालका लागि प्राप्त रकम कट्टा गरी बाँकी रकम वाणिज्य बैंकहरुमार्फत् अन्य मुलुक पठाउन सक्ने व्यवस्था गर्ने । | २०७१ भदौ २४ मा निर्देशन जारी गरिएको । |
| ७६ | १२३ | परिवर्त्य विदेशी मुद्रामा खाता हुने नेपालीले आफ्नो खाताबाट वस्तु तथा सेवा खरिद गर्ने प्रयोजनका लागि वार्षिक अमेरिकी डलर १०,००० सम्म भुक्तानी दिनसक्ने व्यवस्था गर्ने । | २०७१ भदौ २४ मा निर्देशन जारी गरिएको । |
| ७७ | १२४ | विदेशी विनिमय लगानीको क्षेत्र तथा दायरालाई अझ फराकिलो बनाउन सार्क राष्ट्रबीच विदेशी विनिमय लगानीका सम्भावनाबारे अध्ययन गरी लगानी विविधिकरण गर्दै लाने कार्य अगाडि बढाउने । | लगानीको क्षेत्र तथा दायरालाई फराकिलो बनाउने सम्भावनाबारे अध्ययन हुँदै गरेको । |
| ७८ | १२५ | चीनसँग हुने आयात/निर्यात व्यापारको लागि वाणिज्य बैंकहरुमार्फत् हुने भुक्तानी प्रणालीलाई व्यवस्थित गर्न चीनको विभिन्न स्थानमा रहेका वाणिज्य बैंकहरुमार्फत् बैंकिङ्ग कारोबार गर्न सकिने व्यवस्था मिलाउने । | २०७१ पुस १४ मा निर्देशन जारी गरिएको । |
| ७९ | १२६ | वाणिज्य बैंकहरुले आफ्नो विदेशी विनिमय संचितिको मौज्दातबाट उपयुक्त प्रतिफल लिनसक्ने तुल्याउन आफ्नो दैनिक तरलतामा प्रतिकूल असर नपर्ने गरी उक्त मौज्दातमा रहेको रकमको निश्चित प्रतिशतसम्म नेपालको वैदेशिक व्यापार ठूलो परिमाणमा भएका मुलुकहरुको मुद्रामा समेत कल डिपोजिट, सर्टिफिकेट अफ डिपोजिट वा यस्तै अन्य सुरक्षित उपकरणहरुमा लगानी गर्नसक्ने व्यवस्था मिलाउने । | २०७१ पुस १४ मा निर्देशन जारी गरिएको । |
| ८० | १२७ | भारत बाहेक तेस्रो मुलुकहरुबाट ड्राफ्ट, टी.टी. को माध्यमबाट वस्तु आयात गर्दा एक पटकमा बढीमा अमेरिकी डलर ३० हजार बराबरसम्मको भुक्तानी दिन पाइने व्यवस्था रहेकोमा सो सीमालाई वृद्धि गरी अमेरिकी डलर ३५ हजार कायम गर्ने । | २०७१ साउन १९ मा निर्देशन जारी गरिएको । |

## Appendix-2

# Projection of Monetary Survey

*(Rs. in million)*

| Monetary Aggregates | 2012 Jul | 2013 Jul | 2014R Jul | 2015P Jul | Annual change 2012/13 Amount | Percent | 2013/14 Amount | Percent | 2014/15 Amount | Percent |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. Foreign Assets, Net | 383772.1 | 468238.0 | 599219.7 | 658409.8 | 68939.6 [1/] | 18.0 | 127127.1 [2/] | 27.2 | 55000.0 [3/] | 9.2 |
| 1.1 Foreign Assets | 455976.8 | 554093.5 | 686759.0 | 760766.8 | 98116.7 | 21.5 | 132665.5 | 23.9 | 74007.8 | 10.8 |
| 1.2 Foreign Liabilities | 72204.7 | 85855.6 | 87539.3 | 102357.0 | 13650.9 | 18.9 | 1683.8 | 2.0 | 14817.7 | 16.9 |
| a. Deposits | 60465.6 | 74332.3 | 80052.7 | 94820.4 | 13866.7 | 22.9 | 5720.4 | 7.7 | 14767.7 | 18.4 |
| b. Other | 11739.1 | 11523.2 | 7486.6 | 7536.7 | -215.8 | -1.8 | -4036.6 | -35.0 | 50.0 | 0.7 |
| 2. Net Domestic Assets | 746530.2 | 847138.3 | 966747.4 | 1158112.1 | 116134.4 [1/] | 15.6 | 123463.8 [2/] | 14.6 | 195554.7 [3/] | 20.2 |
| 2.1 Domestic Credit | 994691.5 | 1165866.3 | 1314470.8 | 1564654.1 | 171174.8 | 17.2 | 146734.3 | 12.6 | 250183.3 | 19.0 |
| a. Net Claims on Government | 162882.1 | 167788.3 | 142155.3 | 158964.8 | 4906.2 | 3.0 | -27503.2 | -16.4 | 16809.5 | 11.8 |
| Claims on Government | 165254.8 | 167972.8 | 165471.6 | 158964.8 | 2717.9 | 1.6 | -2501.1 | -1.5 | -6506.9 | -3.9 |
| Government Deposits | 2372.8 | 184.5 | 23316.3 | 0.0 | -2188.3 | -92.2 | 25002.0 | - | -23316.3 | - |
| b. Claims on Non-Financial Government Enterprises | 10099.4 | 11389.1 | 10417.3 | 10767.6 | 1289.7 | 12.8 | -971.8 | -8.5 | 350.2 | 3.4 |
| c. Claims on Financial Institutions | 11884.2 | 13662.8 | 11073.5 | 14195.6 | 1778.7 | 15.0 | -2589.3 | -19.0 | 3122.1 | 28.2 |
| Government | 1276.0 | 1317.4 | 1487.6 | 2600.0 | 41.4 | 3.2 | 170.2 | 12.9 | 1112.4 | 74.8 |
| Non-government | 10608.2 | 12345.5 | 9585.9 | 11595.6 | 1737.3 | 16.4 | -2759.5 | -22.4 | 2009.7 | 21.0 |
| d. Claims on Private Sector | 809825.8 | 973026.1 | 1150824.6 | 1380726.2 | 163200.2 | 20.2 | 177798.5 | 18.3 | 229901.6 | 20.0 |
